देश र जनहितका काममा विलम्ब नगरौः जुलीकुमारी महतो | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ३१९ • २०८१ साल बैशाख ५ गते बुधबार (17 April, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# मुख्यमन्त्री यादवलाई चौथो पटक विश्वासको मत, पक्षमा ६१ मत

## विपक्षी एकजुट, प्रदेश सभामा तोडफोड, अवरोधपछि बैठक बहिष्कार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले अवरोध र तोडफोडको बीच विश्वासको मत प्राप्त गरेका छन् ।

पटक-पटकको स्थगन, अवरोध र तोडफोडका बीच मुख्यमन्त्री यादवले प्रदेश सभामा चौथो पटक विश्वासको मत प्राप्त गरेका छन् ।

मुख्यमन्त्रीको पक्षमा ६१ मत परेको सभामुख रामचन्द्र मण्डलले घोषणा गरे । मधेश प्रदेशमा कुल १ सय ७ सभासद रहेका छन् । बहुमतका लागि ५४ सभासदको समर्थन आवश्यक छ ।

मुख्यमन्त्री यादवलाई जनता समाजवादी पार्टी(जसपा)का १९, एमालेका २४ माओवादी केन्द्रका ९, नेकपा एसका ७ , नागरिक उन्मुक्ति पार्टीका १ र संघीय समाजवादी पार्टीका १ गरी कुल ६१ मत परेको प्रदेश सभा सचिवालयले जनाएको छ । सभामुखले मतदानमा भाग लिएनन् । उपसभामुख बबिता कुमारी इस्सर बैठकमा उपस्थित रहे पनि मतदानमा भाग लिएनन् । उनी जनमत पार्टीबाट उपसभामुख बनेकी छन् ।

विश्वासको मतको छलफल बहिष्कार गर्नेमा कांग्रेसका २२, जनमत पार्टीका ११ , लोसपाका ८ जना रहे । राप्रपाका सभासद बैठकमा अनुपस्थित रहेका थिए । लोसपाका प्रमुख सचेतक अभिराम शर्मा फरार सूचीमा रहेकाले बैठकमा सहभागी हुन पाएनन् । जनमत पार्टीका सभासद वसन्त कुशवाहा बैठकमा अनुपस्थित थिए । उपसभामुख उपस्थित रहे पनि मतदानमा सहभागी भएनन् ।

मुख्यमन्त्रीलाई विश्वासको मत लिने क्रममा मधेश प्रदेश सभामा पहिलो पटक तोडफोड, बहिष्कार र नाराबाजी भएको छ ।

कांग्रेस, जनमत र लोसपाले नाराबाजीगर्दै बैठक बहिष्कार गरी बाहिरिएका थिए । विपक्षी दलहरुको अनुपस्थितमा मुख्यमन्त्रीले विश्वासको मत लिनु गैरसंसदीय कृयाकलाप भएको कांग्रेसका सभासद शेषनारायण यादवले आरोप लगाए । 'मुख्यमन्त्री यादवले व्यक्त गरेका प्रतिबद्धता पटक पटक उल्लंघनगर्दै आएका छन्' उनले भने, प्रदेश सभालाइ निष्कृय बनाइएको छ ।' बैठक प्रारम्भ हुनासाथ जनमत पार्टीका सभासदहरुले आ-आफ्ना स्थानबाट नै विरोध गरिरहेका थिए । उनीहरुले मुख्यमन्त्री



र सभामुख रामचन्द्र मण्डलसित जवाफ मागिरहेका थिए । तर बीचमा नै एमालेले प्रतिवाद गरेपछि जनमतका सभासदहरु रोष्ट्रममा पुगेका थिए । त्यससँगै नेपाली कांग्रेस र लोकतानित्रक समाजवादी पार्टी (लोसपा)का सभासदहरुले पनि रोष्ट्रम घेरेका थिए । बैठक सञ्चालन गर्न अवरोध भइरहेपछि सभामुखले १० मिनेटका लागि स्थगन भएको घोषणा गरेका थिए । मुख्यमन्त्री यादवले प्रदेश सभामा रहेको प्रदेश मामिला समिति मार्फत सप्तरी जिल्लाको घटना छानविन गराउन सहमत भएका थिए । 'प्रदेश मामिला समिति मार्फत छानविन गर्न म तयार छु' मुख्यमन्त्री यादवले भने, 'त्यो घटनाको छानविनका लागि अल्लगै समिति गठन गर्नुको औचित्य छैन् ।' छानविनका लागि तयार भए पनि जनमत पार्टीले प्रदेश सभा बैठक सञ्चालनमा सहभागी नभएको उनले आरोप लगाए । बैठक दिउँसो १ बजे बस्ने भनिए पनि १ घण्टा ढिला गरी दिउँसो २ बजे सुरु भएको थियो । बैठक सुरु भएको लगतै अवरोध भएपछि सभामुख मण्डलले १० मिनेटका लागि स्थगन गरेका थिए । अवरोध हटाउन दलका नेताहरुबीच लामो समय छलफल भए पनि सहमति जुटन सकेन् । दलहरुबीच सहमति जुट्न नसके पनि साँझ ७ बजेट सुरु भएको बैठकमा जनमत पार्टीका सभासदहरुले अवरोधलाई निरन्तरता दिएका थिए । बैठक प्रारम्भ हुनासाथ जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवले मुख्यमन्त्री संसदीय छानविन समिति गठन गर्न तयार नरहेकाले बैठक चल्न नदिने बताएसँगै सो पार्टीका सभासदहरुले रोष्ट्रम घेरेका थिए । अवरोधका बीच सभामुख मण्डलले मुख्यमन्त्री यादवलाई विश्वासको मत लिने प्रस्ताव गर्न आग्रह गरेका थिए । प्रदेश सभा सचिवालयले मुख्यमन्त्रीको प्रस्ताव टेबुल भएको जनाएको थियो ।

मुख्यमन्त्ती यादवले प्रस्ताव वाचन गरिरहँदा विरोधमा उत्रेका सभासदहरुले माइक र लाइट भाँचेका थिए । उनीहरु तोडफोडमा उत्रेपछि सभामुख मण्डलले फेरि १० मिनेटका लागि बैठक स्थगन गरे ।

मधेश प्रदेशको दोस्रो मुख्यमन्त्रीको रुपमा सपथग्रहण गरेपछि यादवलाई प्रदेश सभामा सर्वसम्मत समर्थन प्राप्त भएको थियो । उनी पहिलो पटक २०७९ सालको माघ ४ गते विश्वासको मत लिएका थिए । संघीय गठबन्धन परिवर्तन भएपछि नेकपा एमाले सरकारबाट बाहिरिदा पनि मुख्यमन्त्री यादवलाई समर्थन जनाएका थिए । दोस्रो पटक २०८० जेठ ३० गते मुख्यमन्त्री यादवले लिएको विश्वासको मत लिने क्रममा उपस्थित १ सय ५ मध्ये १ सय ३ जनाले पक्षमा मतदान गरेका थिए ।

तेस्रो पटक २०८० फागुन ६ गते मुख्यमन्त्री यादवले विश्वासको मत लिँदा एमाले र जनमत पार्टी बाहेकले समर्थन गरेको थियो । उनलाई ६९ जना सभासदले विश्वासको मत दिएका थिए । विपक्षमा ३५ जनाले मत दिएका थिए । चौंथो पटक विश्वासको मत लिन विपक्षी दलहरुको कडा अवरोधको सामना गर्नु पर्‍यो । प्रारम्भमा जनमत पार्टीले मात्र अवरोध गरेको बखत एमालेले त्यसको विरोध गरेपछि नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)पनि सशक्त विरोधमा उत्रेका थिए ।

लोसपा मंगलवार बिहान सम्म सरकारमा सहभागी थिए । लोसपाका अध्यक्ष महन्थ ठाकुरले सरकारबाट राजीनामा गर्न निर्देशन दिएपछि वन मन्त्री रहेका रमेश प्रसाद कुर्मीले राजीनामा दिएका थिए । कुर्मीले दिएको राजीनामा मुख्यमन्त्री यादवले तत्कालै स्वीकृत गरी वन मन्त्रालय आफ्नै जिम्मामा लिएका छन् । लोसपाले सरकार छाडेर प्रमुख प्रतिपक्षी दल कांग्रेस नेतृत्वको मोर्चालाई सघाएको छ । संघीय गठबन्धनमा समेत नरहेको लोसपाले प्रदेशमा पनि गठबन्धनबाट बाहिरिएको छ ।

### पर्स हरायो

जानकी चोकदेखि किसोरी नगर, सीता टोल हुँदै गंगा सागर आरती स्थल र त्यहाँबाट फर्किने क्रममा मिति २०८१ वैशाख २ गते आइतवार पर्स हराएको छ ।पर्समा अन्यलाई काम नलाग्ने तर मेरालागि अत्यन्त महत्वपूर्ण कागजातहरु , ड्राइभिंग लाइसेन्स, पान कार्ड, प्रेस कार्ड, एटीएम, बुद्ध र यति एयरको माइलेज कार्ड लगायत रहेकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।सहयोगका लागि अभारी रहने छु ।पर्समा नगद छैन् ।

**जनकपुर टुडेको कार्यालय**
मोबाइल नं.९८५४०२००२५,९८०१६२००२५, ९८०१६२६०२५,९८५४०२६०२५

Under the Management of J.E.F Pvt. Ltd
SIDDHARTHA SHISHU SADAN
BOARDING SECONDARY SCHOOL
Janakpurdham-01 (Province-02)
Play Group to Class XII

नववर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सुस्वास्थ्यको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

४२ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४३ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक आमा शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई ध्यानमा राखि विगतको वर्ष झैं यस शैक्षिक सत्र २०८१ मा पनि छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ ।

शैक्षिक सत्र २०८१ भर्ना सम्बन्धि सूचना

१. नर्सरी देखि कक्षा ९ सम्म नयाँ भर्ना लिइनेछ । (नोटः कक्षा ९ मा केही सिट मात्र)
२. नर्सरी देखि कक्षा ५ सम्म मौखिक परीक्षा तथा कक्षा ६ देखि कक्षा ९ सम्म लिखित तथा मौखिक परीक्षा लिइनेछ ।
३. नयाँ भर्नाको लागि फारम वितरण :- वि.स. २०८० चैत्र २५ गते आइतवारबाट
४. नयाँ भर्नाको लागि प्रवेश-परीक्षा :- वि.सं. २०८१ बैशाख ०४ गते मंगलवार
५. प्रवेश-परीक्षाको समय :- बिहान १०:०० बजे देखि ०१:०० बजे सम्म
६. प्रवेश-परीक्षामा तयारी गर्नुपर्ने विषयहरु :- अङ्ग्रेजी, नेपाली, गणित र विज्ञान
७. प्रवेश-परीक्षाको नतिजा प्रकाशन :- २०८१ बैशाख ०४ गते बेलुका ५ बजे
८. शैक्षिक सत्र २०८१ को कक्षा प्रारम्भ :- २०८१ बैशाख ०६ गते विहीवार देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२८७७२/९८५४०२६५६५/९८४४२६०९६९/९८४४०३९८८७/९८०४८९०१८१ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

प्राचार्य
सिद्धार्थ शिशु सदन
भानुचौक, जनकपुरधाम–१
Ph.no.: 041-041-522969, 525064,
Mob. 9801622969, 9801674658

यातायातको सुविधा
जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा ,पिपरा, भोइल, तेतरीया, थुमौना, कुर्था सम्म

हार्दिक शुभकामना



मर्यादापुरुषोत्तम भगवान श्री रामचन्द्र जन्मोत्सव रामनवमीको सुखद अवसरमा सम्पूर्ण प्रदेश र देशवासी दाजु भाई दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

- अद्यौगिक विकासको माध्यमबाट अर्थतन्त्रलाई सुदृढ बनाऔं ।
- उद्योग सम्बन्धि नीति तथा कानुनको पालना गरौं ।
- व्यवसाय दर्ता र सम्बन्धित निकायसँग अनुमति लिई मात्र कारोवार गरौं ।
- समृद्ध प्रदेश निमार्ण मा योग्दान गरौं ।



मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
उद्योग विभाग
वीरगंज, पर्सा

# अक्षरले अक्सफोर्ड विश्वविद्यालयको सिकाई पद्धति लागु गर्दै

टुडे समाचारदाता
जनकपुरधाम ।



जनकपुरधामको प्रसिद्ध नीजि विद्यालय अक्षर विद्या मन्दिरले विश्वको टप अक्सफोर्ड विश्वविद्यालयको सिकाई पद्धती लागु गर्ने भएको छ ।

विद्यालयले मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै यस शैक्षिक वर्षदेखि कक्षा १ देखि ५ सम्म अक्सफोर्ड विश्वविद्यालय प्रेसले विद्यालय स्तरकोलागि तयार पारेको शिक्षण सिकाई पद्धति लागु गर्ने भएको हो ।

विद्यालयका अध्यक्ष पंकज जलानका अनुसार अक्सफोर्ड विश्वविद्यालय स्तरको लागि तयार पारेको शिक्षण सिकाई पद्धतिमा शुरुदेखि नै कक्षाकोठाको सिकाईलाई आनन्दीत बनाउने गरेको र यस्तो कक्षाकोठा संस्कृतिको वातावरण सृजन गने र विद्यार्थीलाई एउटा असल नागरिक वन्न प्रोत्साहन गर्नुको साथै जीवनपर्यन्त सिक्ने सिपको विकास गर्दछ । यस पद्धतिले विद्यार्थीहरुको व्यक्तिगत,क्यारियर र शैक्षिक सफलताको लागि बलियो आधार निमार्ण गर्ने अध्यक्ष जलानको विश्वास रहेको छ ।

शिक्षण सिकाई पद्धति वेलविइगं,इंग्लीस,मेथ,कम्पयुटिंग,साइन्स र ग्लोबल स्किल प्रोजेक्ट विषयमा आधार्रित रहने तथा यस पद्धतिमा विद्यार्थीहरुलाई घोकाउने नभएर प्रोजेक्टहरुको माधयमबाट बुझ्ने गरि अध्यन गराईने जानकारि गरए ।

अक्सफोर्ड विश्वविद्यालय प्रेसले नियमित रुपमा अक्षरका शिक्षकहरुलाई प्रशिक्षण दिने र सोही आधारमा शिक्षकहरुले विद्यार्थीहरुलाई अध्यन अध्यापन गराउने जलानले जानकारि दिए । अक्षर विद्यालयले प्रयोग गर्न लागेको पद्धति नेपालमै पहिलो रहेको अध्यक्ष जलानले जनाएका छन् ।

# कानुनको सफल कार्यान्वयनबाट मात्रै सुशासनः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कानुनको सफल कार्यान्वयनबाट मात्रै देशमा सुशासनको प्रत्याभूति गर्न सकिने बताउनुभएको छ ।



रणनीतिक तथा सामाजिक-आर्थिक अनुसन्धानका लागि संस्था(आइएसएसआर)ले मंगलबार आयोजना गरेको 'सुशासनका चुनौती र सरकारको आगामी कार्यदिशा' विषयक कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले देशलाई सुशासन र समृद्धिको बाटोमा अगाडि बढाउन कानुन कार्यान्वयनको पाटोलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

मुलुकको समग्र विकास, नागरिकको हित अभिवृद्धि र सुशासन कायम गर्न भ्रष्टाचार नियन्त्रण अपरिहार्य रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायलाई कानुन, जनशक्ति, स्रोत र साधनसहित अधिकार सम्पन्न बनाई सदाचार प्रत्याभूति गर्ने अवस्था सिर्जना गरिने बताउनुभयो ।

"भ्रष्टाचारसँग जोडिएका विषयको छानबिन र अनुसन्धान गरी कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीमाथि कानुनी कारवाही अगाडि बढाउन सरकार प्रतिबद्ध छ", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "वर्तमान सरकारको प्रमुख प्राथमिकता छन्, सुशासन, सामाजिक न्याय र समृद्धि हो, त्यसमध्ये सुशासन कायम गने प्रश्नलाई सबैभन्दा अग्रभाग राखेर सोहीअनुरूप कार्यान्वयनको प्रक्रिया पनि अगाडि बढिरहेकै छ ।"

उहाँले भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने राज्यको नीतिलाई व्यवहारमा रूपान्तरण गर्न तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत् एवं आम नागरिक सबैसँग निरन्तर समन्वय, सहयोग र सहकार्य अपरिहार्य रहेको बताउनुभयो । "कानुनको सफल कार्यान्वयनबाट मात्र राज्य व्यवस्था सही ढङ्गले सञ्चालन हुन्छ", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "संविधानले अङ्गिकार गरेका मूल्यमान्यताहरू तथा प्रत्याभूति गरेका हक अधिकारका सम्बन्धमा कानुनहरू निर्माण भएर कार्यान्वयन भइरहेको छ ।

ती सबै कानुन कार्यान्वयन गर्दै देशलाई सुशासन र समृद्धिको यात्रामा डोऱ्याउन आवश्यक छ ।"

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेशसँगै नीतिगत र कानुनी क्षेत्रमा समेत ठूलो रूपान्तरण आवश्यक हुने बताउँदै प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय सङ्कल्प र आवश्यकताबमोजिम सङ्घीय ऐनहरू जारी गर्न सरकार लागिपरेको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "संसद्मा प्रतिनिधित्व गर्ने सबै दलहरूसँग सघन संवादका माध्यमबाट आवश्यक कानुनहरूको निर्माण एवं संशोधनको प्रक्रिया अगाडि बढाउन सरकारले आवश्यक तयारी गरिरहेको छ ।"

सुशासनको प्रत्याभूतिका निम्ति दण्ड र पुरस्कारको वैज्ञानिक नीति, मापदण्ड र कार्यान्वयन जरूरी पर्ने बताउँदै प्रधानमन्त्री प्रचण्डले विकास आयोजनाहरूमा राम्रो गर्नेहरूलाई पुरस्कृत र गलत गर्नेहरूलाई दण्डित गर्ने नीति, योजना र कार्यक्रमबाट सुशासन स्थापित गदै विकास आयोजनाको कामलाई तीव्रता दिने प्रक्रियामा अगाडि बढेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "विकास आयोजनाहरूमा हाम्रा उपलब्धिहरू के-कस्ता रहे, समस्या र चुनौतीहरू कहाँ र के रहे, त्यसको समाधानका निम्ति नीतिगत, कानुन, संस्थागत, संरचनागत र कार्यशैलीगत क्षेत्रमा के-कस्तो सुधार आवश्यक छ भन्नेबारे गम्भीर छलफल भइरहेको छ ।"

सेवा प्रवाहलाई छिटो, छरितो, प्रविधिमैत्री बनाउने, चालु खर्चमा मितव्ययिता कायम गने, तोकिएको काम तोकिएकै समयसीमा र गुणस्तरमा सम्पन्न गर्नेजस्ता मापदण्डहरू कार्यान्यिवन गराउन सरकार क्रियाशील रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सुरक्षा, न्याय र विकासका तीनवटै क्षेत्रलाई सुधार गर्न शासकीय सुधारका प्रयासहरू जरूरी ठानेर नै सरकारले संरचनागत सुधारमा जोड दिँदै आएको स्पष्ट पार्नुभयो ।

संरचनागत सुधारका क्षेत्रमा आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा नै केही प्रबन्धसहित सरकार अगाडि बढ्ने जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले विकास आयोजनाहरूको प्राथमिकीकरणसहित पर्याप्त साधनस्रोतको व्यवस्था, निर्धारित समयसीमा र गुणस्तरमा आयोजनाहरूले पूर्णता पाउनुपर्ने बताउनुभयो ।रासस

# सुजल फुड्सको नयाँ प्रस्तुती 'चोकोफन जोय'

टुडे समाचारदाता




जनकपुरधाम । देशको अग्रणी कन्फेक्सनेरी कम्पनी सुजल फुड्स प्रालिले आफ्नो नयाँ उत्कृष्ट प्रस्तुती चोकोफन जोय बजारमा ल्याएको छ । चोकोफन जोय नेपालकै प्रथम स्कायर मोल्डेड चकलेट हो जुन पर्याप्त मात्रामा न्यूनतम उपभोगता मुल्यमा उपभोक्ता माझ प्रस्तुत गरिएको छ । यसले गर्दा विगतमा विदेशी चकलेटमा निर्भर्तालाई तोडेर नेपालमै अन्तराष्ट्रियस्तरको सजिलो, सस्ता र उच्चकोटीको चोकोफन जोय चकलेट उपभोग गरी चकलेटको मज्जा लिन सकिन्छ ।

बर्गाकार आकारमा,कोकोआको अनुपम स्वाद र मिठासले भरीपूर्ण चोकोफन जोय स्वादिष्ट छ ।

चोकोफन जोय मुखमा राख्न नसाथ पग्लिन्छ र आनन्द प्रदान गर्दछ । आकर्षक बर्गाकर आकारमा नैयसका अर्को विशेषता हो जुन हेर्दा जो कोहीलाई पनि खाउँखाउँ लाग्दछ ।

गुलाबी र बैजनी रङमा प्याकेजिङ्ग गरिएको चोकोफन जोयको डिजाइन अत्यन्तै आकर्षक र प्रिमियम छ भने सुन्दर चम्किलो सुनौलो जोयको फन्टले चोकोफन जोय को प्याकेजिङ्गलाइ अझ बढी उत्कृष्ट र आकर्षक देखीएको छ । प्याकको बाहिरी भागमा चकलेटको डीजाइनपनि आकर्षित ढङ्गमा देखाइएको छ ।

चोकोफन जोय जार र बक्स दुबैमा उपलब्ध छ । दुबैमा उत्पादनका विशेषताहरू स्पष्टरूपमा देखैएको छ र जार भित्रको उत्पादनपनि सजिलै देख्न सकिन्छ ।

चोकोफन जोय ७० पिसको जार र ४५ पिसको बक्समा बजारमा उपलब्ध छ जुन अत्यन्तै आकर्षक छ र यसले उत्पादनलाई सुन्दर र प्रिमियम बनाएको छ । यसको कार्टुन बक्सपनि चम्किलो बैजनीरंगमा उपलब्ध छ । चोकोफन जोय मात्र १०रुपैयाको अधिकतम खुद्रा मूल्यमा ८ ग्रामकोमा फुलसाइजमा बजारमा सर्बत्रउपलब्ध छ ।

चोकोफन जोयको उत्पादन संसारकै अत्याधुनिक चकलेट उत्पादन प्रबिधिको प्रयोगगरी औटोमटिक मसिनरीबाट अति स्वस्थकर वाताबरणमा उत्पादन गरिन्छ । अन्तराष्ट्रिय गुणस्तरको उत्कृष्ट चकलेट तथा अन्य कच्चापदार्थ प्रयोग गरिने यस चोकोफन जोयको गुणस्तर तथा स्वादमा एकरुपता हुन्छ ।

सुजल फूड्स प्रालि नेपालको अग्रणी कनफेक्टनरी कम्पनी हो, जुन आइएसओ २२०००:२०१८ प्रमाणित छ र यो लक्ष्मी समूहको प्रमुख भगिनी संस्था हो ।

सुजल फूड्सले बिगत ५० वर्षदेखि अन्तरास्ट्रियस्तरको वेफर, बबलगम, ललिपोप, टफी, क्यान्डी आदि उत्पादन र बिक्रि वितरण गर्दै आएको छ ।

# मानविकी अध्ययन गर्नेलाई सिनास वृत्ति

टुडे समाचारदाता

काठमाण्डु । त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पसअन्तर्गत मानविकी सङ्कायमा अध्ययनरत विद्यार्थीले शोधकार्यका लागि नेपाल तथा एसियाली अध्ययन केन्द्र (सिनास) बाट सिनास वृत्ति (छात्रवृत्ति) पाउने भएका छन् ।

विश्वविद्यालयको स्वविवु र सिनासबीच मंगलबार सम्पन्न सम्झौतामा हरेक विभागका कम्तीमा एक जना विद्यार्थीलाई प्रतिवर्ष जनही रु २५ हजार प्रदान गर्ने सहमति भएको छ । यसलाई कार्यविधि बनाएर तत्काल लागू गर्न सिनास र स्वविवुबीच सहकार्य गर्ने सहमति भएको छ ।

यसै विषयमा कीर्तिपुरस्थित सिनास भवनमा स्वविवु र सिनासबीच सम्झौता पत्र आदानप्रदान भएको थियो । त्यसमा स्वविवुको तर्फबाट सभापति श्यामराज ओझा र सिनासका तर्फबाट कार्यकारी निर्देशक डा मृगेन्द्रबहादुर कार्कीले हस्ताक्षर गरेका छन् ।

# पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव कायमै



टुडे समाचारदाता

काठमाण्डु । हाल देशमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव कायम रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत राष्ट्रका पहाडी भागमा आंशिक बदली भई बाँकी भागमा मौसम सफा रहने बताएको छ ।

महाशाखाका अनुसार मंगलबार दिउँसो गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत देशका पहाडी भागमा आंशिक बदली हुने तथा बाँकी स्थानमा मौसम सफा रहने छ । गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशलगायत मुलुकका पहाडी क्षेत्रका केही स्थानका साथै बाँकी पहाडी भूभागका एक-दुई स्थानमा चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुने सम्भावना छ । साथै गण्डकी, लुम्बिनी, कर्णाली र सुद्रूपश्चिम प्रदेशका केही स्थान तथा अन्य बाँकी प्रदेशका केही स्थानमा हुरीबतासको सम्भावना छ । ती प्रदेशका हिमाली उच्च पहाडी तथा हिमाली भेगका केही स्थानमा हल्का हिउँपर्ने महाशाखाको पूर्वानुमान छ ।

त्यसैगरी, मंगलबार राति कोशी, बागमती, गण्डकी प्रदशेका पहाडी भूभागमा आंशिक बदली रही बाँकी स्थानमा मौसम सफा रहने छ । कोशी प्रदेशको पहाडी क्षेत्रका केही भागमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । बागमती र गण्डकी प्रदेशका पहाडी भागका एक-दुई स्थानमा चट्याङसहित हल्का वर्षा हुनेछ । कोशी, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भेगका एक-दुई स्थानमा हल्का हिमपात हुने सम्भावना छ ।

महाशाखाले मंगलबार बिहान जारी गरेको मौसम बुलेटिनमा गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत देशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको हुँदा त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

# विपद् प्रभावितको पुनः स्थापनाका लागि प्रक्रिया सुरु

टुडे समाचारदाता

काठमाण्डु । सरकारले विपद् प्रभावितको निजी आवास प्रवलीकरण, पुनःनिर्माण तथा पुनःस्थापनाका लागि आवश्यक प्रक्रिया सुरु गरेको छ । गृहमन्त्री अध्यक्ष रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापना कार्यकारी समितिले 'विपद् प्रभावितको निजी आवास प्रवलीकरण, पुनःनिर्माण तथा पुनःस्थापनाा अनुदान कार्यविधि, २०८१' स्वीकृत गरेसँगै औपचारिक रुपमा पुनःनिर्माणको प्रक्रिया अघि बढेको हो । यही वैशाख ३ गते उक्त कर्याविधि स्वीकृत भई लागू गरिएको छ ।




प्राधिकरणका सहसचिव एवं नीति योजना तथा अनुगमन महाशाखा प्रमुख भरतमणि पाण्डेका अनुसार समितिबाट कार्यविधि पारित भएपछि औपचारिक रुपमा पुनःनिर्माणको प्रक्रिया सुरु भएको जानकारी दिएका छन् । "सुरुमा लाभग्राही कायम गरी क, ख र गमा वर्गीकरण हुने छन् ।

त्यसपछि आवास पुनःनिर्माणको काम अघि बढाइने छ । कार्यविधिमा स्थानीय तहलाई बढी जिम्मेवार बनाइएको छ", उनले भने ।

क्षतिको प्रारम्भिक लेखाजोखा स्थानीय तहले गर्ने भन्दै पाढडेले क्षति आकलनको पहिलो प्राथमिकतामा पनि स्थानीय तहलाई दिइएको बताए । उनका अनुसार स्थानीय तहले नसकेको अवस्थामा प्रदेश र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापना प्राधिकरणले समन्वय गर्नेछ ।

स्थानीय तहबाट आएको विवरणका आधारमा विशलेषण गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापना समितिले लाभग्राही पहिचान र कायम गर्नेछ । त्यसपछि लाभग्राही र वडाध्यक्षबीच सम्झौता हुने भन्दै सम्झौताको दुई वर्षभित्रमा पुनःनिर्माण सक्ने गरी कार्यविधि तयार पारिएको प्रमुख पाण्डेले जानकारी दिए ।

पुनःनिर्माणको अनुदान तीन किस्तामा सक्ने र तीन समूहमा विभाजन गर्ने गरी कार्यविधि तयार पारिएको छ । समूह 'क' का लागि रु पाँच लाख, समूह 'ख' मा परेका लाभग्राहीका लागि रु चार लाख र समूह 'ग' मा परेका लाभग्राहीका लागि रु तीन लाख अनुदान दिइनेछ । पुनःस्थापनाको हकमा घडेरी खरिद गर्नका लागि बढीमा रु तीन लाख दिइने छ । घर निर्माणका लागि सरकारी बिक्री मूल्यको ९० प्रतिशत छुटमा ४० क्यूफिट काठ उपलब्ध गराइने पाण्डेले बताए ।

मनसुनजन्य विपद्मा परेकाको हकमा विसं २०७७ जेठ ३० गतेपछि, आगलागी भएकाको हकमा विसं २०७७ मङ्सिर १ गतेपछि, भूकम्पबाट क्षति भएकाको हकमा विसं २०७८ जेठ १ पछि तथा हावाहुरी, चट्याङ डुवान, बाढीपहिराको हकमा कार्यविधि स्वीकृत भएको मितिदेखि निजी आवास प्रवलीकरण, पुनःनिर्माण वा पुनःस्थापना लागू हुने जनाइएको छ ।

एकीकृत रुपमा कार्यविधि बनाइ लागू गरिएको यो पहिलो रहेको नीति योजना तथा अनुगमन महाशाखा प्रमुख पाण्डेले जानकारी दिए । यसअघि २०७२ सालको भूकम्प पुनःनिर्माणका लागि मात्रै यसरी कार्यविधि बनाइ भूकम्पको पुनःनिर्माण गरिएको थियो ।


## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : धन वृद्धि सञ्चय । |
| कंकट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| बृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्ज महानगरपालिका-१० स्थित रानीघाट पुल नजिकै माटोका भाँडा बनाउँदै दिनेश पण्डित कुमाल । कुमालले दैनिक ५० वटा भन्दा धेरै माटोका भाडा बनाएर आफ्नो परिवारको गुजारा चलाउँदै आइरहेका छन् । तस्विर : रासस

# वर्षान्त २०८०: नेपाल र जलवायूको बढी चर्चा भएको वर्ष

काठमाण्डु । युनाइटेड अरब इमिरेट्स (युएई)को दुबईमा संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरुको २८औँ सम्मेलनमा नेपालले पनि चर्चा पायो । गत नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म चलेको सम्मेलनमा भाग लिन नेपालका तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको टोली त्यहाँ पुगेको थियो ।

'वर्ल्ड क्लाइमेट एक्सन समिट'को उद्घाटन सत्रमा सम्बोधन गर्नुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनिओ गुटेरेसले जलवायु परिवर्तनका कारण नेपालमा परेको प्रभावको चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, "म केही समयअघि मात्रै नेपाल भ्रमणमा थिए । नेपालका पग्लिरहेका हिमाललाई मैले नजिकबाट साक्षात्कार गर्न पाएँ । नेपालका हिमालमा जस्तै समस्या एन्टार्टिकामा पनि छ । यी दुवै क्षेत्र भूगोलका हिसाबले टाढा छन् तर जलवायुको हिसाबले समान सङ्कटमा छन् ।"उहाँले नेपालको नाम लिँदै विश्वमा पछिल्लो समय बढ्दै गइरहेको तापमानका कारण हिमाल पग्लिरहेको उल्लेख गर्नुभयो । नेपाल भ्रमणका क्रममा सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रलाई नजिकबाट नियाल्नुभएका उहाँले हिमालमा परेको जलवायु परिवर्तनबारे विश्व समुदायसामु खुलेकै राख्नुभयो ।

उहाँको सम्बोधनपछि नेपाल लामो समयदेखि उठान गर्न खोजिरहेको र भोगिरहेको समस्यामा विश्वको ध्यानाकर्षण भयो ।

झन्डै एक सय ९२ देशका उच्चस्तरीय व्यक्तित्व, राजनीतिक दल र सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि, जलावायुविद् तथा पत्रकार लगायतको उल्लेख्य उपस्थितिमा जलवायु परिवर्तनले नेपालका विभिन्न क्षेत्रमा पारेको असरको चर्चा पायो । सोही अवसरमा प्रधानमन्त्री दाहलले महासचिव गुटेरेसको अभिव्यक्तिले जलवायुको सङ्कट सम्बोधनमा सहयोग पुग्नेमा विश्वास व्यक्त गर्नुभयो ।

गुटेरेसले विश्वस्तरमा नेपालको चर्चा मात्रै गर्नुभएन जलवायु सङ्कटको विषय महत्वका साथ उठान गरेर जलवायु न्यायका लागि नेपालका तर्फबाट पनि आवाज उठाउनुभएको थियो । यसले चर्चा र परिचर्चाका साथै आगामी रणनीति बनाउन सहयोग पुग्ने छ ।

महासचिव गुटेरेसले नेपाल भ्रमणमा रहेको बेलामा हिमालयबाट बगेका नदीहरुले एक अर्बभन्दा बढी मानिसलाई स्वच्छ पानी प्रदान गरिरहेको भन्दै हिमालको प्रशंसासमेत गर्नुभएको थियो । यस्ता हिमनदी पग्लिएमा पानीको स्रोत सङ्कटमा पर्न सक्ने भन्दै उहाँले दिनुभएको अभिव्यक्तिले पनि यो वर्ष मुख्य चर्चा पायो । जलवायु सङ्कटका कारण लाखौँ मानिस बसाइँ सर्नुपर्ने अवस्था आउने र मानव जीवनमा पानी र जमिनका लागि ठूलो प्रतिस्पर्धा हुने खतरा रहेको उहाँ भनाइ थियो । यसैगरी, गुटेरेसले जलवायु परिवर्तनका कारण नेपाललाई अन्यायपूर्ण भएको बताउनुभएको थियो । संसद्मा सम्बोधन गर्ने क्रममा पनि नेपालले भोगेको जलवायु परिवर्तनको असरको चर्चा गरिरहँदा राजनीतिक स्तरमा नै जनचेतना जगाइरहेको थियो ।

सो अवसरमा प्रधानमन्त्री दाहालले पनि जलवायुसम्बन्धी मुद्दा खुलेरै उठान गर्नुभयो । "म यहाँ तीन करोड नेपालीको सन्देश बोकेर आएको छु, तापक्रम वृद्धिले हिमालय क्षेत्रलाई आक्रान्त पारिरहेको छ, हाम्रो हिमाल बचाउने सन्देश पनि लिएर आएको हुँ ।"उहाँको त्यो प्रभावकारी सन्देशले पनि कोपमा नेपालको चर्चा बढाएको थियो । प्रधानमन्त्री दाहालले पनि जलवायु अनुकूलनका लागि नेपालले गरेका सकारात्मक पहलहरु सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउनुभएको थियो । गत मङ्सिरमा नेपालले जलवायु सम्मेलन आयोजना गरेको थियो । उक्त सम्मेलनमा स्पष्ट 'रोडम्याप' र रणनीतिसहित राष्ट्रिय अनुकूलन योजना कार्यान्वयन दिशानिर्देशहरु अनावरण भएको थियो ।

जलवायु परिवर्तनको डर लाग्दो सङ्कटका कारण जनता पहिरो, बाढी, वन डढेलो, खडेरीआदि जस्ता जलवायुजन्य प्रकोपको सामाना गरिरहेको भन्दै प्रधानमन्त्री दाहालले यो नेपालीका लागि सरासर अन्याय भएको र यो अब रोकिनुपर्नेमा जोड दिनुभएको थियो । उहाँले हिमालय मानवताको आधार भएको उल्लेख गर्दै अबौँ मानिसलाई हिमालयले बचाएको उल्लेख गर्नुभयो । विगतमा वन तथा वातावरण मन्त्रालय र जलवायुविद्हरुको मात्रै मुद्दाका रुपमा हेरिएको जलवायुको मुद्दा आज सरकारप्रमुखदेखि नै अन्य अन्तरसरकारी निकायका प्रतिनिधिहरुको साझा एजेन्डा बन्दै गइरहेको छ । राजनीतिक दलको पनि चासो र चिन्ता बढ्दै गइरहेको छ । जसले गर्दा २०८० मा जलवायुको दृष्टिकोणले बढी चर्चामा आएको वर्ष रह्यो ।

हरेक वर्ष हुने कोप सम्मेलनमा नेपालले लगेको कतिपय मुद्दा कोपमा समाहित हुँदैन जब मुलुकको हितका निम्ति उठाइएका त्यस्ता एजेन्डाहरु समाहित गरिँदैन, प्रतिनिधिहरु निराशा भएर फर्किएका उदाहरण पनि विगतमा नभएका होइनन् ।कोपमा नेपालले उठाउने विषय नै जलवायु न्यायसम्बन्धी हुने गर्छ । नेपालजस्ता विकासोन्मुख मुलुकहरुले कार्बन उत्सर्जन गराउनका लागि नगण्य भूमिका खलिरहेका हुन्छन् तर जलवायु परिवर्तनका कारण हिमालको हिउँ पग्लिरहेको छ । यस्तै हुँदै जाने हो भने कालान्तारमा हाम्रा भावी पुस्तालाई हिमालमा हिउँ थियो भन्ने कुरा केवल एकादेशको कथा मात्रै लाग्न सक्छ । हिमाल बचाउन नेपालले थालेको पहल र अन्तर्राष्ट्रियस्तरमा गरिएको प्रयास प्रशंसनीय छ ।

कोपमा पहिलोपटक हिमालको मुद्दा

डेढ दशकदेखि नेपालले हिमालको मुद्दा उठाउँदै आइरहेको थियो । निरन्तर रुपमा उठाएका मुद्दा कोपमा समावेश होला भन्ने आशा हुन्थ्यो तर हिमालका 'एजेन्डा'ले कुनै प्राथमिकता नै पाउन सक्दैनथ्यो । जलवायु परिवर्तनका कारण हिमालमा हिउँ नै बाँकी नरहने भयो । अब सबै हिमाल कालापत्थरमा परिणत हुने हो कि भन्ने चिन्ता र चासो उत्तिकै रहेको छ सरोकारवाालहरुमा ।

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा सम्पन्न भएको १५औँ कोपमा भाग दिन तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नेपाली प्रतिनिधि टोली सहभागी भएको थियो ।

त्यसबेलादेखि नै नेपालले हिमालको मुद्दालाई प्राथमिकता दिएर मुख्य एजेन्डास्वरुप कोपमा लिएर जाने गरेको थियो । पहिलो पटक जलवायुले हिमालमा पारेका असर कोप-२८ निर्णयका दस्तावेजमा समावेश गरिएसँगै नेपालका लागि यो महत्वपूर्ण र ऐतिहासिक निर्णय भएको टिपपणी गर्नुहुन्छ, जलवायुविद् मञ्जित ढकाल । यसले वर्षौंदेखि सफल हुन नसकेको नेपालको लक्ष्य पूरा भएको छ । हिमालको एजेन्डाले पाएको प्रथामिकतासँगै चर्चा पनि पायो ।

मुख्य उपलब्धिहरु

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा बुद्धिसागर पौडेल जलवायु परिवर्तनको क्षेत्रमा २०८० उपलब्धिमूलक रहेको बताउनुहुन्छ । युएन महासचिवको नेपाल भ्रमण, कोपमा उपस्थित हुनुअघि नेपालले गरेर पूर्वतयारी, कोपमा प्रस्तुत एजेन्डा, पर्वतीय क्षेत्रका मुद्दा समावेश हुनुले यस वर्ष जलवायु परिवर्तनको मुद्दाले चर्चा पाउनु नै उपलब्धिमूलक रहेको उहाँको बुझाइ छ ।

जलवायुविद् डा धर्मराज उप्रेतीले पनि कोपमा भएको सहमति नै २०८० को अर्को महत्वपूर्ण उपलब्धि रहेको बताउनुभयो । "त्यो भनेको अब पृथ्वीलाई बचाउन विश्व समुदायले गर्नुपर्ने कामहरु के-के हुन् ? जलवायु परिवर्तनका कारण पहिचान गर्न, जैविक ऊर्जाको प्रयोगलाई कसरी घटाउँदै लैजाने भन्ने महत्वपूर्ण निर्णय भएको छ । सबै खालको जैविक ऊर्जा, तेल, ग्यास र कोइला तीनै खालका जैविक ऊर्जा घटाउनका लागि र हटाउँदै लैजाने सहमति महत्वपूर्ण छन्," उहाँले भन्नुभयो ।

उहाँका अनुसार सो सहमति कार्यान्वयनले पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियस बढ्न नदिने प्रतिबद्धता कार्यान्वयनमा यसले भूमिका खेल्नेछ ।

जलवायु परिवर्तनका कारण पर्वतीय पारिस्थितिकीय प्रणाली बढी जोखिममा छ । पर्वतीय क्षेत्रको मुद्दालाई पनि यसपालिको जलवायु सम्मेलनले समेटेपछि नेपालमा यस विषयमा संवाद आयोजनाको निर्णय पनि २०८० मै भएको थियो । यो पनि अर्को महत्वपूर्ण उपलब्धि भएको उप्रेतीको भनाइ छ ।

२०८० मा नै जलवायुको विधेयक मस्यौदाका रुपमा संसद्मा पेस भएको छ । पूर्वसूचना प्रणालीलाई समेत समेट्ने गरी ऐन ल्याउने निर्णय पनि २०८० मा नै भएको छ । सबैका लागि पूर्वसूचना प्रणालीमा नेपाल छानिएको छ । नेपाल छानिनुमा नेपालका लागि सुखद पक्ष हो ।

विपत्का तथ्याङ्क बुझ्ने पूर्वाधार नेपालमा आउँदै छ । विश्व मौसम सङ्गठनले नेपाललाई पहिलो स्थानमा राखेको छ जसले गर्दा हाम्रो हिमाली क्षेत्रमा जलवायुको असर, यसले पारिस्थितिकीय प्रणालीमा पुर्‍याएको असर कस्तो छ ? जैविक विविधमा पुगेको असर न्यूनीकरणमा सहयोग पुग्ने छ । सन् २०२७ सम्म सबैका लागि पूर्वसूचना भन्ने योजना तय हुनु २०८० को महत्वपूर्ण उपलब्धि भएको जानकारको बुझाइ छ तर कार्यान्वयनको पक्ष फितलो रहेको भन्दै विज्ञहरुको गुनासो छ । जलवायु वित्तको प्रभावकारी रुपमा परिचालन हुनुपर्नेमा विज्ञहरु सुझाव रहेको छ ।

पर्वतीय क्षेत्र र जलवायुसम्बन्धी संवाद हुँदै

जलवायु परिवर्तनको असरका कारणले पर्वतीय क्षेत्रको पारिस्थितिकीय प्रणाली, जनजीवन र जैविक विविधतामा परिरहेको नकारात्मक असरबारे नेपालले सन् २००९ देखि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलनलगायत अन्तर्राष्ट्रिय मञ्चहरुमा आवाज उठाउँदै आइरहेको छ । यसै सन्दर्भमा गत कोप २८ ले पहिलोपटक पर्वतीय क्षेत्रमा परेको जलवायु सङ्कटबारे निर्णय लिँदै आगामी जुनमा हुने संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (युएनएफसिसिसी) अन्तर्गतको वैज्ञानिक र प्राविधिक सल्लाहकारका लागि सहायक निकाय (एसबिएसटिए) को ६०औँ बैठकमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवाद आयोजना एसबिएसटिएलाई निर्देशन दिने निर्णय वन तथा वातावरण मन्त्रालयको भएको छ ।

यसै सन्दर्भमा पर्वतीय क्षेत्रको मुद्दामा सबै पर्वतीय राष्ट्रहरुको समान धारणा कायम गरी आगामी दिनहरुमा सोसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहललाई थप प्रभावकारी बनाउन आगामी मे २२ र २३ मा नेपाललगायत अन्न पर्वतीय मुलुकका प्रतिनिधि, विषय विज्ञ एवं साझेदार संस्थाहरु सम्मिलित पर्वतीय क्षेत्र, मानिस र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवादको आयोजना गर्न लागिएको वन तथा वातावरण मन्त्रालयका सहसचिव डा महेश्वर ढकालको भनाइ छ ।रासस

# लुम्बिनी प्रदेशसभा संसदीय समितिमा सर्वसम्मत नेतृत्व

टुडे समाचारदाता



लुम्बिनी । लुम्बिनी प्रदेशसभामा दोस्रो कार्यकालका लागि संसदीय निर्वाचन भएको १७ महिनापछि संसदीय समितिमा नेतृत्व चयन भएको छ ।

प्रदेशसभामा छवटा विषयगत समिति र एक विशेषाधिकार समितिको मंगलबार सर्वसम्मत नेतृत्व चयन भएको हो । प्रदेशसभा सचिवालयले जारी गरेको निर्वाचन कार्य तालिकाअनुसार मंगलबार ५ बजेसम्म उम्मेदवारी दर्ता गर्ने समय निर्धारण गरेअनुसार सातवटै समितिमा एकल उम्मेदवारी परेपछि सर्वसम्मत नेतृत्व चयन भएको हो ।

दलहरुका बीच विषयगत समितिमा सहमति कायम गरी सर्वसम्मत नेतृत्व चयन गरिएको नेकपा एमालेका प्रमुख सचेतक तुल्सीप्रसाद चौधरीले बताएका छन् । लुम्बिनी प्रदेशसभा सचिव दुर्लभकुमार पुनका अनुसार प्रदेश मामिला तथा कानुन समिति सभापतिमा रुकुम पूर्वकी दिलकुमारी बुढा, सामाजिक विकास समितिको सभापतिमा यमबहादुर नेपाली, कृषि, वन तथा वातावरण समितिको सभापतिमा विश्वप्रेम पाठक र भौतिक पूर्वाधार विकास समितिको सभापतिमा रामजीप्रसाद घिमिरेको एकल उम्मेदवारी परेकाले सर्वसम्मत भएका छन् ।

यस्तै अर्थ, उद्योग तथा पर्यटन समितिको सभापतिमा पाल्पा निर्वाचन क्षेत्र नं १ 'क' का राजुप्रसाद श्रेष्ठ, सार्वजनिक लेखा समितिको सभापतिमा बाँकेकी माया पुन र विशेष अधिकार समितिको सभापतिमा कपिलवस्तुका गिरीधारीलाल न्यौपानेको एकल उम्मेदवारी परेको थियो । उनीहरु सबै सर्वसम्मत रुपमा चयन भएका छन् ।

लामो समयदेखि चयन हुन नसकेको लुम्बिनी प्रदेशका विषयगत समितिका बारेमा दलहरुबीच एमालेले विशेष अधिकारसहित तीनवटा समिति, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले दुईवटा समिति र माओवादी केन्द्रले दुईवटा समितिको नेतृत्व गर्ने सहमति भएको थियो । गत ३० असारको लुम्बिनी प्रदेशसभा बैठकले समितिमा रहने सदस्यको टुङ्गो लगाए पनि समिति नेतृत्वका विषयमा दलहरुबीच सहमति बन्न नसक्दा १७ महिना संसदीय समिति नेतृत्वविहीन थियो ।

# सत्ता समीकरणलाई टिकाएर लग्ने ओलीको भनाई

टुडे समाचारदाता



झापा । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मुलुकमा भईरहेको घटना परिघट्नाले वर्तमान सत्ता समीकरणमा कुनै परिवर्तन नआउने बताएका छन् ।

एमाले झापाको प्रथम पूर्ण बैठकलाई सम्बोधन गर्दै ओलीले राजनीतिक शक्तिहरुको समीकरण बनेको हुँदा यसलाई टिकाएर लग्ने एमालेको नीति अनुरुपनै सत्ता समीकरणमा कुनै परिवर्तन नहुने बताएका हुन् ।

ओलीले हामीले पुरानो गठबन्धन भत्काउनै पर्ने अवस्थामा भत्काएको बताउदै नयाँ समीकरण बनाउनु अनुरुपनै बनाएको बताए ।

उनले भने,'धेरैले अर्थ मन्त्रालय छाडिदियो, गृह मन्त्रालय पनि छाडिदियो भने । कुन मन्त्रालय लियो र कुन लिएन भन्ने महत्वको विषय होइन, हाम्रो सरकार छ भन्ने कुरा महत्वपूर्ण हो । अर्थमन्त्री, गृहमन्त्री र सरकार हाम्रै हो ।"

उनले देशभक्तहरुको समीकरण भत्काउनका लागि विभिन्न शक्तिहरुले निरन्तर षड्यन्त्र गरिरहेको दावी गरेका थिए । लामो राजनीतिक अनुभव र जिम्मेवार अभिभावक शक्तिको कारण एमालेले अहिलेको सत्ता समीकरणलाई देश र जनताको हितमा अघि बढाउने उनको भनाइ छ । उनले अहिलेको सत्ता समीकरण बनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले साहसिक निर्णय लिएको बताए । एमालेले घोषणा गरेको 'मिसन-८४' राजनीतिक सुझबुझपूर्ण गन्तव्य भएको जनाउँदै उनले देश र जनताको हितका लागि पार्टीले चुनावमा विजय हासिल गर्न जरुरी भएको धारणासमेत व्यक्त गरेका थिए ।

# कार्यान्वयनमुखी बजेट ल्याउन विज्ञहरुको सुझाव

टुडे समाचारदाता



काठमाण्डु । बजेट ल्याउनुपुर्व गरिएको विज्ञहरुको छलफलमा आगामी आर्थिक वर्षका लागि कार्यान्वयनमुखी बजेट ल्याउन विज्ञहरुले सुझाव दिएका छन् ।

राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिको मंगलबार सिंहदरबारमा भएको बैठकमा विज्ञहरुले सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायमा आधारित भई लैङ्गिक उत्तरदायी बजेट ल्याउनुपर्नेमा जोड दिएका हुन् ।

आव २०८१/८२ को सम्बन्धमा पूर्वबजेट छलफलमा विज्ञहरुको सुझाव लिइएको थियो । उहाँहरुले दिगो कृषि विकास, ऊर्जा, पर्यटन क्षेत्रको विकासका साथै वातावरणमैत्री बजेट ल्याउन समितिमार्फत सरकारलाई सुझाव दिएका हुन् ।

छलफलमा अर्थविद् डा गोविन्द नेपालले ठूलो बजेट ल्याउने र कार्यान्वयनमुखी नहुदाँ वित्तीय असन्तुलन बढेको भन्दै कार्यान्वयनमुखी बजेट ल्याइनुपर्ने खाँचो रहेको बताउदै कृषि आधुनिकीकरण, सूचना प्रविधि, ऊर्जा, पर्यटनलगायतका विषयलाई प्राथमिकतामा राखेर बजेट ल्याउन सुझाव दिएका थिए ।

त्यसैगरि डा नेपालले सार्वजनिक खर्चको वित्तीय असन्तुलन न्यूनीकरण गर्न सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन पूर्णरुपमा कार्यान्वयन गरेर बजेट ल्याइनुपर्ने धारणा राखेका थिए ।

छलफलमा काठमाडौँ विश्वविद्यालयका रजिष्ट्रार प्रा डा अच्युत वाग्लेले नेपालको अर्थतन्त्रको संरचनालाई वातावरणमैत्री बनाउन जरुरी भएको उल्लेख गर्दै बजेटमा दिगो कृषिको विकास, दिगो उत्पादन र वातावरणमैत्री विषयलाई प्राथमिकता दिनुपर्ने बताए । त्यसैगरि सामाजिक अभियन्ता एवं विज्ञ भारती सिलवाल गिरीले लैङ्गिक समानता र महिला सशक्तीकरणका मुद्दालाई आगामी बजेटले समेट्नुपर्ने सुझाब दिदै लैङ्गिकमैत्री बजेट ल्याइनुपर्छ, यसले सामाजिक न्यायसहितको सुशासन प्रवर्द्धन हुने भएकाले सरकारलाई पनि सहयोग पुग्ने उनको धारण थियो ।

बैठकमा राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले विज्ञहरुको राय सुझावले आगामी बजेटलाई समृद्ध बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरिन् । समितिका सभापति कमलादेवी पन्तले आगामी बजेट महिलामैत्री, वातावरणमैत्री, सुशासनमैत्री तथा सामाजिक न्यायमा आधारित दलित, पिछडिएका, सीमान्तकृत समुदायलाई सम्बोधन गर्ने हुनुपर्ने धारणा राखेकी थिईन् समितिका सचिव डा रोजनाथ पाण्डेले विज्ञहरुबाट आएका राय सुझावको मस्यौदालाई समितिले पारित गरेर अर्थमन्त्रालयमा पठाउने जानकारी दिएका थिए ।

बैठकमा सांसद घनश्याम रिजाल, झक्कुप्रसाद सुवेदी, उर्मिला अर्याल, तारामान स्वार, तुलप्रसाद विश्वकर्मा, भुवनबहादुर सुनार, सावित्री मल्लगायतले विज्ञको सुझाव समितिका लागि महत्वपूर्ण रहेको थियो ।

# जरिवाना तिर्न ट्राफिक कार्यालय जानुपर्ने बाध्यता हट्दै

काठमाण्डु । ट्राफिक नियम उल्लङ्घनबापत जरिवाना तिर्न सेवाग्राहीलाई ट्राफिक कार्यालयसम्म पुग्नुपर्ने बाध्यता विस्तारै हट्दै गएको छ । ट्राफिक प्रहरीले प्रविधियुक्त प्रणाली प्रयोगमा ल्याएसँगै अभिलेख सङ्कलन गरी कारबाही गर्न सहज भएको जनाएको छ। ट्राफिक नियम उल्लङ्घन र ट्राफिक जरिवाना भुक्तानीसम्बन्धी प्रणाली प्रयोगमा आएपछि उक्त झन्झटबाट सेवाग्राही मुक्त हुँदै गएका काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले बताउनुभयो ।

"उक्त प्रणालीमार्फत ट्राफिक प्रहरीले विभिन्न ट्राफिक नियम उल्लङ्घन गरेबापत जारी गर्ने चिट र कारबाहीको विवरण अभिलेखमा राख्दछ। कति जरिवाना तिर्नुपर्ने हो यस प्रणालीले स्वचालित रूपमा निर्धारण गर्छ । पटके कसूरको विवरण पनि यस प्रणालीले आफैँ हिसाब राख्नछ", उहाँले भन्नुभयो ।


नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले भन्नुभयो, "नेपाल प्रहरी कार्ययोजना, २०८० ले व्यवस्था गरेको प्रविधिमैत्री सेवाको संस्थागत विकास गर्ने लक्ष्य अनुरूप आधुनिक प्रविधिको प्रयोगमार्फत प्रहरी सेवालाई थप चुस्त बनाउन उक्त प्रणाली महत्वपूर्ण बनेको छ ।" उहाँका अनुसार हालसम्म ४५ जिल्लामा यो प्रणाली कार्यान्वयनमा आएको छ ।

प्रणालीले ट्राफिक जरिवाना असूल गर्न र सेवाग्राहीलाई झन्झटमुक्त सेवा प्रदान गर्न सहजीकरण गर्ने अपेक्षा प्रहरीले गरेको छ । धेरै अघिदेखि सुरु गरिएको टिभिआरएस प्रणाली समयानुकूल परिमार्जन गर्दै आर्थिक वर्ष २०७६/७७ देखि हालको अवस्थामा काठमाडौँ उपत्यकामा उक्त प्रणाली सञ्चालनमा आएको हो ।

आर्थिक वर्ष २०७६/७७ देखि हालसम्म ३१ लाख ४७ हजार नौ सय ५३ वटा ट्राफिक नियम उल्लङ्घनका घटना यस प्रणालीमा दर्ता भएका छन् । जसबाट कूल रु दुई अर्ब ३३ करोड दुई लाख २८ हजार नौ सय ६४ राजस्व सङ्कलन भएको प्रहरीले जनाएको छ । प्रणाली सञ्चालनसँगै सर्वसाधारणले ट्राफिक जरिवाना पारदर्शी रूपमा सहजै तिर्न पाएका छन् ।

टिभिआरएस प्रणालीको विकास र अनुगमन नेपाल प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशनालयले गर्दै आएको छ । निर्देशनालयका प्रमुख प्रहरी नायब महानिरीक्षक अरूणकुमार भण्डारीले सेवाग्राहीको सहजताका लागि यो प्रणालीको विकास गरिएको भन्दै यसको सफ्टवयरले ट्राफिक नियम उल्लङ्घन गर्नेको नाम, सवारी साधनको नम्बर र कसूरको प्रकार ट्र्याक राख्ने जानकारी दिनुभयो ।

ट्राफिक प्रहरीले सवारी तथा यातायात व्यवस्था नियमावली अनुसार विभिन्न नियम उल्लङ्घन गर्ने व्यक्तिलाई जरिवाना तथा कारबाही गर्छ । कारबाहीमा परेका व्यक्तिको चिट नम्बर र लाइसेन्स नम्बर, ब्ल्यु बुक, नाम र अन्य विवरण इन्ट्री गरिन्छ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# परम्परालाई कायम राख

नेपाललाई धार्मिक सांस्कृतिक रुपमा संसारमा चिनाउने जानकी मन्दिर, पशुपतिनाथ, लुम्बिनी लगायतका केही पवित्र स्थलहरु छन् । त्यस मध्ये जनकपुरधामको अस्तित्व नै जानकी मन्दिर हो । जानकी मन्दिरमा कुनै प्रकारले क्षति पुर्‍याउने काम भए जनकपुरधामको अस्तित्व नै समाप्त हुनेछ । जानकी मन्दिर स्थापना भएको डेढ सय वर्ष भयो । मन्दिर निर्माणदेखि हाल सम्म जानकी मन्दिरको एउटा परम्परा छ । त्यसमा समान्य परिवर्तन हुँदै आएको पनि हो । तर जानकी मन्दिरको मान्यता र परम्परालाई बिगार्ने काम भएको देखिदैन् ।जानकी मन्दिर संसारका हिन्दूहरुको आस्थाको केन्द्र हो । जानकी मन्दिरमा आउने श्रद्धालु दर्शनार्थीहरु यहाँको आधुनिकता भन्दा पुरातात्विक विषयमा बढी केन्द्रित भएको देखिन्छ । उनीहरुले जानकी मन्दिरमा लगाइएको टायल्स मार्वलहरुको विषयमा पनि नकारात्मक टिप्पणी गर्छन् । जानकी मन्दिरको भित्री र बाहिरी परिसरमा लगाइएको मार्बल र टायल्सहरु उपयुक्त होइन् । प्रदेश सरकारले धेरै रकम लगानी गरे पनि त्यसले मन्दिरको मूल संरचनालाई नै क्षति पुर्‍याउने काम भएको छ । नयाँ वर्षको प्रारम्भमा नै जानकी मन्दिरको परिसरमा माटोको मूर्ति बनाएर पूजा गर्न सनातनीहरुले प्रयास गरे । तर जानकी मन्दिर परिसरमा अर्को मूर्ति स्थापना गर्न नहुने मान्यता छ । त्यस विषयमा जानकी सेनाका पदाधिकारीहरुले जानकी मन्दिरका महन्थसित सरसल्लाह गर्नु पर्थ्यो । जानकी माता पनि जगदम्बा हुन् । जानकी मन्दिरमा दुल्हादुल्हीन सरकार(सीताराम)भगवान विराजमान रहेका छन् । त्यसकारण अर्को मूर्ति बनाएर पूजा गर्नुको महत्व पनि छैन् । भगवान रामको जन्मोत्सव मनाउन बारहबिघा लगायतका कयौं स्थानमा विशाल अथवा आवश्यकता अनुसारको मूर्ति निर्माण गरी पुजनोत्सव गर्न सकिन्थ्यो । धार्मिक कार्यका लागि जनकपुरधाममा स्थानाभाव छैन् । जानकी मन्दिरमा केही महिनादेखि बढेको भीडलाई व्यवस्थित गर्न अहिलेदेखि नै ध्यान पुर्‍याउनु पर्नेछ । जानकी मन्दिर परिसरलाई अझै व्यवस्थित गर्न आवश्यक छ । जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा राख्न केही अभियानी र जनप्रतिनिधिहरुले पहल गरिरहेका छन् । तर विश्वसम्पदा सूचीमा राख्न चाहिने आवश्यक मापदण्ड पूरा हुनै पर्छ । विश्वसम्पदा सूचीमा समावेश गरिएका सम्पदाहरुको पुरातात्विक महत्वको विषयमा बुझ्न आवश्यक छ । भावनामा बगेर गरिएको सबै काम लाभदायी नहुन सक्छ । हिन्दू धर्मावलम्बीहरुले गर्ने धार्मिक गतिविधिहरुलाई सबै पक्षबाट सहयोग हुनुपर्छ । तर त्यस्ता कार्यहरुले कुनै प्रकारबाट हाम्रा परम्परा, संस्कृतिलाई नकारात्मक असर नहोस् । जनकपुरधामको भन्दा भारतीयहरुले सीतामढीको पुनौरास्थानको विकासमा बढी जोड दिन थालेका छन् । यसलाई हामी सबैले गभीरतापूर्वक लिनु पर्छ ।

# डा. अम्बेडकर : वैचारिकी र विमर्श

**रोशन जनकपुरी**

१४ अप्रैल १८९१ । भारतीय सम्विधानका शिल्पकार (सम्विधान सभा मस्यौदा समितीका अध्यक्ष) डा. भीमराव अम्बेडकरको जन्मदिन । दक्षिण एसिया, विशेष गरेर भारत र नेपालको दलित आन्दोलनमा डा. अम्बेडकर एउटा मिथ पुरुष झै स्थापित छन् । डां अम्बेडकरको विचारमा दलितहरुमाथी ऐतिहासिकरुपमा भइआएको विभेद, दमन र शोषणको मूलकारण ब्राह्मणवादी श्रेष्ठतामा आधारित वर्णाश्रम व्यवस्था हो । त्यसैले उनी दार्शनिक र ऐतिहासिक समझदारीको दृष्टिले ब्राह्मणवादका विरुद्ध थिए । तर जनसमुदायबीच उनको लोकप्रियताको कारण लोकप्रियतावादी राजनीतिमा उनलाई खुलारुपमा अस्वीकार गर्ने प्रायः देखिँदैनन् ।

दक्षिण एसियामा डा. अम्बेडकर सबै भन्दा पढाकू मध्येका एक थिए । उनले कोलम्बिया विश्वविद्यालय र लन्दन स्कूल अफ इकोनोमिक्स दुबै विश्वविद्यालयहरुबाट अर्थशास्त्रमा डाक्टरेटको उपाधि प्राप्त गरेर विधि, अर्थशास्त्र र राजनीतिशास्त्रमा समेत शोधकार्य गरेका थिए । यसैकारण जब भारतमा नयाँ सम्विधान लेख्ने समितीको अध्यक्षमा उनको सहजै चयन भएको थियो, जबकि भारतमा अँग्रेजी साम्राज्यवादी उपनिवेशबाट मुक्तिको आन्दोलन चलिरहेको बेला उनी स्वतन्त्रता आन्दोलनभन्दापनि बढी दलित आन्दोलनको आधार तयार गरिरहेका थिए तथा वैचारिकतामा उनी भारतीय स्वतन्त्रता आन्दोलनका सर्वाधिक अगुआ महात्मा गान्धीको आलोचक समेत थिए । डा. अम्बेडकर स्वतन्त्र भारतको पहिलो कानून तथा न्यायमन्त्रीपनि थिए । यद्यपि पछि गएर उनले आफ्नै अध्यक्षतामा निर्माण गरिएको सम्विधानलाई दलितहरुको अनुकूल नभएको भनेर जलाएका थिए ।

डा. अम्बेडकरको समग्र राजनीतिमा दलित समुदायको भएकै कारण उनले भोग्नु परेको सामाजिक विभेदको प्रभाव बढी देखिन्छ । उनको थर 'अम्बेडकर' बारेपनि रोचक प्रसंग छ । डा. अम्बेडकरको जन्म महाराष्ट्रको आम्बेडव नामक गाउँमा ' महार' नामक अछूत समुदायमा भएको थियो । उनका पूर्वजहरु लामो समयदेखी ब्रिटिस इस्ट इन्डिया कम्पनीको सेनामा कार्यरत् थिए । उनका पिता रामजी मालाजी सकपालपनि ब्रिटिसकालमा भारतीय सेनामा सुबेदार पदसम्म पुगेका थिए । यसैले डा. अम्बेडरको परिवारमा सन्तानहरुलाई शिक्षा दिनुपर्छ भन्ने भाव जाग्रत भएको हुनुपर्छ । तर अछूत जातिको कारण शिक्षामा तीक्ष्ण र सक्षम भएरपनि बालक भीमरावले सामाजिक भेदभाव र प्रतिरोधको सामना गर्नु पर्‍यो । यसैकारण उनलाई सरकारी अँग्रेजी स्कूलमा भर्ना गराउने बेला उनका पिताले उनको थर 'सकपाल'को ठाउँमा गाउँको नाम जोडेर 'आम्बडवेकर' लेखाए । यस थरमा 'कर'ले महाराष्ट्रियन अभिजात्यीय छनक दिन्थ्यो । पछि उनको प्रतिभाबाट प्रभावित एकजना ब्राह्मण शिक्षक कृष्णा केशव आम्बेडकरले त्यसलाई सच्याएर आफ्नै थर जस्तो 'आम्बेडकर' लेखिदिएको भनिन्छ ।

आर्थिक, साँस्कृतिक र सामाजिकरुपमा विभेदित र सामाजिक श्रेणीमा सबैभन्दा तल्लो स्थानमा भएको समुदायमा जन्मेर पनि उच्चशिक्षा प्राप्त गर्नुको पछाडी उनको पिता सरकारी सेनामा काम गर्नु तथा उच्चशिक्षाको निम्ति विदेश जानुपर्दा उनले कोल्हापुरका महाराज शाहू महाराजको सदासय आश्रय पाएका थिए । उच्चशिक्षा प्राप्त गरेर फर्केपछि उनी बडोदा रियासतमा गायकवाड महाराजको सचिव भएर काम गर्नुदेखी लिएर कलेजमा प्रोफेसर समेत भए । तर उनको अछूत जातीय परिचयलाई उनको उच्चशिक्षाको योग्यतालेपनि जित्न सकेन र पटक पटक उनको जातिय परिचयले दुःख दिई नै रह्यो । यो उनको मात्र दुःख थिएन, यो समग्र अछूत समुदायको दुःख थियो, जसलाई उनी निकटबाट भोगी रहेका थिए । त्यसैकारण महात्मा गान्धीको उदार हिन्दुत्वको दर्शन र राजनीतिका उनी सँधै विरोधी रहे । कतिसम्म भने भारत स्वतन्त्र भएपछि उनी सम्विधान सभाका अध्यक्ष भएको बेलामापनि उनी गान्धीका विरोधी थिए ।

डां अम्बेडकरको समझदारीमा दलित विभेद र यसको विरोधी चेतना विशिष्टरुपमा थियो । सन् १९२०मा डा. अम्बेडकरले 'मूकनायक' नायक नामक पत्रिका प्रकाशन शुरु गरे । रुढीवादी राजनेताहरु र जातीय भेदभावको विरुद्ध तिखो आलोचना बोकेको यो पत्रिका छोटो समयमै लोकप्रिय भयो । यस पत्रिकामा अँग्रेजी सरकार विरोधी स्वतन्त्रता आन्दोलनको राजनीतिक समुदाय र नेताहरुमा समेत देखिने दलित र अछूतप्रति गरिने भेदभाव विरुद्ध गर्नुपने संघर्षप्रति उदासीनता प्रति तीव्र आलोचना हुने गर्थ्यो । त्यसैकारण ब्रिटिस शासनबाट स्वतन्त्रता आन्दोलनमा डां अम्बेडकरका विचार र समानान्तर राजनीतिक अभियानहरुले अवरोध सृजना गरेको भनेर कयौं आलोचकहरुले भनिरहँदापनि पछि गएर स्वतन्त्र भारत मात्र होइन, समस्त दक्षिण एसियामा उनको विचारले दलित मुक्तिको चेतना र आन्दोलनलाई बलियो आधार दियो । अचेल त यो झन् आफैमा एउटा स्वतन्त्र विचारको रुपमा विकास हुँदै छ ।

यतिबेला दक्षिण एसियामा साम्यवाद, समाजवादी र लोकतान्त्रिक आन्दोलनहरु व्यावहारिकरुपमास्खलित हुँदैछन् र प्रायः सबै सत्ताहरु नस्लीयता र धार्मिकतामिश्रित नव फासीवादी (मध्यवर्गीय राजनीतिक प्रवृत्ति)रुप ग्रहण गर्दैछ ; र उत्पीडित समुदायहरु भित्र आ-आफ्ना नयाँ प्रतीक, बिम्ब र समग्रमा अस्तित्ववादी आन्दोलनको स्पेस सृजना गरिरहेको देखिन्छ । यस स्पेसमा डा. अम्बेडकरको विचार सर्वाधिकरुपमा आकर्षित गरिरहेको छ । संगसंगै समग्र मुक्तिको निम्ती आमूल परिवर्तनकारी मार्क्सवादी आन्दोलनभित्र पनि क्रान्तिकारी दृष्टिकोणको साटो राजनैतिकरुपमा उदारवादी पूँजीवाद र सामाजिकपरिवर्तनमा सुधारात्मक क्रमिक विकासका पक्षधरहरुले डां अम्वेडकरलाई दलितमुक्तिको प्रतिकको रुपमा प्रस्तुत गरिरहेका छन् ।

नेपालको राजनीतिक परिदृश्यमा पनि लगभग यस्तै घटित हुँदै छ । डा.अम्वेडकरलाई नयाँ झन्डा बनाउनेहरु मुख्यतः दुईखाले समूह मध्ये एउटा उदार पूँजीवादबाट विकसित 'पहिचानको राजनीति' (आइडेन्टिटी पोलिटिक्स)बाट प्रेरित छ, र अर्को कम्युनिस्ट आन्दोलनबाट विचलित र दलितमुक्तिको नयाँ भविष्यको खोजीमा रहेकाहरुको समूह छ । यस्तोमा डा. अम्बेडकरको वैचारिकता तथा दलित आन्दोलनमा उनको योगदानको समुचित समीक्षा गर्नु उचित नै होला ।

समग्र राजनीतिक आन्दोलनभन्दा भिन्न अस्मितावादी स्वतन्त्र मुक्ति चेतना र आन्दोलनको अर्थमा डा. अम्बेडकरले दलित आन्दोलनलाई स्थापित गराएको दुईमत छैन । तर समग्र राजनीतिक आन्दोलनमा मुक्तिको निम्ति साझा संघर्षको अर्थमा उत्पीडित वर्ग र उत्पीडित जनसमुदायहरुको एकतालाई यस्ले खण्डित गर्ने तथ्यपनि आलोचकहरु औंल्याउँछन् । यसैकारण दलित मुक्तिसंघर्ष, वर्गसंघर्षभित्रकै एउटा हिस्सा मानिने मार्क्सवादी आन्दोलनभित्रको एउटा हिस्सा डां अम्बेडकरको वैचारिकतामा निकटता महसुस गर्छ, एकखाले समन्वयपनि चाहन्छ । तर डा. अम्बेडकरको सुधारात्मक चिन्तन र मार्क्सवादविरोधी निष्कर्ष, समस्याको रुपमा देखिन्छ ।'बुद्ध र मार्क्स' नामक पुस्तकमा डां अम्बेडकरले एक ठाउँमा लेखेका छन – 'मार्क्सवादमा राम्रा कुरा जति छन्, बुद्धले पहिले नै भनिसकेका थिए, र नयाँ जति छन, ती गलत छन् ।' उनले गलत भनेको नयाँकुरा बल प्रयोगको सिद्धान्त, सर्वहाराअधिनायकत्व र सर्वहाराक्रान्ति जस्ता मार्क्सवादको मूल प्रस्थापनाहरु हो ।

माथी नै भनियो, डां अम्बेडकरको वैचारिकतामा उनका निजी सम्वेदनाले बढी भूमिका खेलेका छन् । त्यसैले उनले दलितमुक्तिको योजनाबद्ध संघर्षको परियोजना सार्नुभन्दा जातिपरिवर्तन, शिक्षा, अन्तरजातिय विवाह र आरक्षणजस्ता सुधारात्मक उपाय अगाडी सार्छन् । यी उपायहरु महत्वपूर्ण हुन्, तर निर्णायक होइनन् । हिन्दु वर्णाश्रम, जातियता र ब्राह्मणवादमा आधारित दलित उत्पीडनको ऐतिहासिक व्याख्या र मुक्तिको प्रश्न जति तीक्ष्णता र तार्किकताको आधारमा उनि उठाउँछन्, समाधानको दिशामा उनी त्यति नै अल्झेको र असमञ्जसयुक्त देखिन्छन् । उनी जातिहरुको उन्मूलन असम्भव ठान्छन् । आफ्नो प्रसिद्ध निबन्ध 'जाति-उन्मूलन'(एनिहिलेसन अफ कास्ट)मा उनले यस्तै निष्कर्ष प्रस्तुत गर्छन् । उनको विचारमा 'प्रत्येक देशमा बुद्धिजीविवर्ग नै सबैभन्दा प्रभावशालीवर्ग हुनेगर्छ र हिन्दुहरुमा बुद्धिजीवि ब्राह्मणमात्र छ, जो जातिप्रथाको समाप्तिको निम्ती कहिल्यै मान्दैन । धर्मनिरपेक्ष ब्राह्मणहरुपनि आफ्ना नातागोतासंग जोडिएको हुनाले पुरोहित ब्राह्मणहरुको विरुद्ध उँभिदैनन् । बाँकी हिन्दु समाजका जातिहरुपनि जातिप्रथा समाप्तिको निम्ती तयार हुँदैनन ।'

उनी जातिहरुको उन्मूलनको निम्ति अन्तरजातीय विवाहको उपाएपनि सुझाउँछन् । तर मानिसको चेतना हिन्दु परम्परागत धार्मिकताबाट मुक्त नभएसम्म यो असम्भव छ । अतः यस्ले एउटा तार्किक र तथ्यसंगत वैचारिक आन्दोलनको माँग गर्छ । तर डा. अम्बेडकरको विचारमा जातिप्रथाको अन्त असम्भव छ र यस्मा कयौं युग लाग्नेछ । यस्तोमा यसै व्यवस्थाभित्र राहत र सुविधाको निम्ती दबाब सृजना गर्ने र पूँजीवादी विकास संगसंगै जाति व्यवस्थाको प्रभाव कम हुँदै जाने प्रतिक्षा गर्नु नै उचित हुनेछ ।

तर यो दुःखपूर्ण प्रतीक्षा हुने कुरा सम्भवतः डा. अम्बेडकरले पनि अनुभूत गरेका थिए । त्यसैले उनले अर्को बाटो धर्मान्तरणलाई सुझाए । यद्यपि उनी यसप्रतिपनि विश्वस्त न रहेको उनको लेखनहरुबाट बुझिन्छ। उनले आफ्नो पुस्तक ' जाति उन्मुलन'मा एक ठाउँमा दलितहरुलाई प्रश्न गर्दै लेखे : 'तिमीहरुले ईसाईधर्म ग्रहण गरेपछि तिमीहरुलाई गाउँको कुवाँबाट पानी खान दिन्छन् ? र आफै उत्तर दिन्छन् – अहँ ! दिँदैनन् ।' उनलाई धर्मान्तरणको विचार सही समाधान होइन, भन्ने थाहा थियो । सभ्वतः यसैले उनले धर्मपरिवर्तन गर्ने निर्णय सन् १९३०तिरै गरिसकेको भएपनि बौद्ध धर्ममा धर्मान्तरण १९५६मा मृत्यु भन्दा केही पहिले गरे । डा. अम्बेडकरको यो अन्तिमनिर्णय हतासामा थियो शायद ।

डा. अम्बेडकरका सुधारात्मक विचारहरु उनका विशिष्टता र कमजोरी दुबै हुन् ।उनले दलित उत्पीडनको मूल कारण ब्राह्मणवाद भने, तर कुनै उपयुक्त समाधान सुझाउन सकेनन् । यसले आन्दोलनमा एउटा यान्त्रिकता जन्मायो, र उनको आक्रोशको निसानामा ब्राह्मण आमाबाबूबाट जन्मेका तर ब्राह्मणवादको विरुद्ध वैचारिकरुपमा जीवनपर्यन्त लड्ने, ज्यान दिने बुद्धिजीविहरुपनि परे ।

विचार गर्ने हो भने अम्वेडकरवादी चिन्तन र राजनीतिक आन्दोलनहरुमा देखिने अस्पष्टता तथा वर्ग दृष्टिकोणप्रतिको नकारात्मक उदासीनता अहम् समस्या हो, जस्ले दलित आन्दोलनप्रति सकारात्मक हार्दिकता राख्ने अन्य समूहलाई पनि टाढा बनाउँछ । यसै कारण मार्क्सवादीहरु अम्बेडकरवादी दृष्टिकोणप्रति आलोचनात्मक हुने गर्छन् । यद्यपि अम्बेडकरवादी चिन्तनको एकलकाँटेपना तथा सुधारात्मक रवैयाको सबैभन्दा तीखो आलोचनागर्ने मार्क्सवादीहरु नै वैचारिक र सैद्धान्तिकस्तरमा दलितमुक्तिको आन्दोलनहरुलाई खुलाहृदयले समर्थन गर्नेगर्छन् ।

यससंगै अर्को तथ्य के हो भने आफ्नो जीवनकालमा डा. अम्बेडकर आमूलपरिवर्तनकारी कम्युनिस्टहरु भन्दा साँस्कृतिकरुपमा मध्यपन्थी हिन्दू तथा राजनैतिकरुपमा बुर्जुआ चिन्तन बोकेका गान्धी, नेहरु, र पटेल जस्तासंग नै बढी निकट थिए ।

अहिले नेपालको दलित आन्दोलनमा डा. अम्बेडकर वैचारिकता भन्दापनि मिथ पुरुषको रुपमा कुनै चामत्कारिक पात्रको रुपमा स्थापित हुँदैछन् । जमात निर्माणको दृष्टिले यो सहज देखिएपनि यसले समग्रमुक्तिको निम्ती एकीकृत संघषको वैचारिकता तथा एकतालाई उपेक्षाको दृष्टिले हेर्छ भने एकल संघर्षका दृष्टिकोण र प्रतिकहरुले उत्पीडित समुदायहरुलाई आकर्षित गर्दैछ । नेपालमा भएका मार्क्सवादी वर्गसंघर्षको इतिहास नियाल्ने हो भने राजनीतिक संघर्षको बेला दलित मुक्तिका विषयहरुपनि प्रधान हुने गर्थे । तर राजनीतिक आन्दोलन शिथिल हुँदै गएपछि यो विषय ओझेलमा पर्दै गएको हो । योकम्युनिस्ट आन्दोलनको कार्यनैतिक कौशलको अभाव हो र उनिहरुले इतिहासमा गरिएका प्रयोगहरुको सफलता र असफलताबाट सिक्दै आफूलाई नयाँ धरातलमा उभ्याउन सक्नु पर्छ । तर उत्पीडित समुदायले मुक्तिको निम्ती सर्वहारावादीसंघर्ष संग एकाकार हुनुको विकल्प छैन । यसको अभावमा दलित आन्दोलन संघर्षको निम्ती संघर्षमात्रमा परिणत हुने खतरा छ । यति हुँदा हुँदैपनि, डां अम्बेडरको वैचारिकताले दलित समुदायबीच मुक्तिको चेतना र बलियो आन्दोलन खडा गरेकोमा दुई मत छैन ।

डा. अम्बेडकरलाई श्रद्धान्जलि ।

# पवित्र धार्मिक तिर्थस्थल परशुराम तलाउ

**प्रफुल्ल घिमिरे**

धार्मिक आस्था एवं विश्वासको प्रतीक रमणीय , दर्शनिय मन मोहित गर्ने सुन्दर शान्त पवित्र तिर्थस्थल पर्शुराम तलाउ मधेस प्रदेशको धनुषा जिल्ला जनकपुर धामबाट करीब एघार किलोमीटर उत्तर पुर्व धनुषा धाम मार्गको दक्षिण तर्फ पुरन्दाहा गाउँको उत्तर पुर्वमा जगधर नदिको पुर्व किनारमा अवस्थित यो मिथिला बिहारी नगर पालिकाको वाड ना।२ मा पर्दछ ।

पौराणिक काल त्रेता युग देखी नै अध्यात्मिक धार्मिक सांस्कृतिक महत्त्व ओगटेको एवं हाम्रा जीवन पद्धतिसंग जुटेको समस्त पाप नाशक मोक्ष दायिनी बारह बिघामा फैलिएको मिथिला क्षेत्रको पवित्र तिर्थ स्थल हो पर्शुराम तलाउ ।

लगभग बारह बिगा क्षेत्रफल रहेको पवित्र तिर्थस्थल पर्शुराम तलाउ केहि दिन पुर्व सम्म ठूलठूला बोट बिरुवाका बन जङ्गलले ढमक्क ढाकिएको थियो। उक्त बोट बिरुवाका घेरा भित्र चार बिघा पनियाउमा कमलका रातो , निलो, सेतो ढक्मक्क फुलेका फुलहरुले तलाउको शोभा बढाइरहेका हुन्थे । रङ्गी बिरङ्गि झुन्डका झुन्ड चराचुरुङ्गीहरुको बास स्थल रहेको थियो। यिनिहरुले जल कृडा गर्दा उत्पन्न गर्ने कर्णपृय कर्तल ध्वनिले आनन्दित शान्त वातावरणमा मन नै मनमुग्ध पार्ने गथ्यी। हाल केहि बन जङ्गलका बोट बिरुवा काटिएका छन। बिकासका नाममा अरु काटिने क्रममा छन। सो तलाउको दक्षिण पश्चिम तर्फ एउटा कल्प वृक्ष रहेको छ । बोलचालको भाषामा स्थानीयहरु काला वृक्ष भनेर सम्बोधन गर्ने गर्छन । यश वृक्षको फेदमा पौराणिक कालका अवशेषहरु देखिन्थे । छिद्र छिद्र भएको खैरो रंगको पत्थर जमिन भित्रैबाट नै निस्केको थियो । धनुषा धाममा देखिने धणुष झैँ । तर उक्त बृक्षको चारैतिरबाट टायल मार्वलले सौन्दर्यकरणको नाउँमा भर्खरै चबुतरा निर्माण गरिएको छ। परापुर्व कालमा कल्प वृक्षको उत्तर तर्फ अवस्थित तलाउमा भगवान पर्शुराम स्नान गर्थे अनि यसै कल्प वृक्ष मुनि ध्यान गर्ने गर्थे ।

यस बृक्षको उत्तर पश्चिममा अवस्थित एउटा मन्दिर छ जसमा कृष्णजिले वाँसुरी बजाउन लागेको बिग्रह विराजमान रहेका छना उत्तर पुर्व तर्फ हनुमानजिको मन्दिर अवस्थित छ। तलाउको पश्चिम तर्फ पर्शुरामजिको मन्दिर थियो। मन्दिरमा रहेका पर्शुरामका मुर्तिलाई सुरक्षाको लागी तत्कालीन गाउ पञ्चायतका अध्यक्षले धनुषा धाममा राख्न लगाएका थिए। हाल सम्म त्यहीँ रहेको कुरा स्थानीयहरुले बताउने गरेका छन। तलाउको उत्तर तर्फको डिलको पश्चिम तर्फ मिथिलेश्वर नाथ महादेव र पुर्व तर्फ माता पार्वती बिराजमान रहेकी छिन । मिथ्लेश्वर नाथको सन्दर्भमा मिथिला महात्मायमा पनि उल्लेख छ। उल्लेख अनुसार९ ऐशान्यां त्रिजगत्ख्यातं नाम्ना वै मिथिलेश्वरम् ।

अर्थात ईशान कोणमा तिनै लोकमा विख्यात मिथिलेश्वर छ्न। हुनत परापुर्वका समयमा मिथिलेश्वर नाथ महादेवको मन्दिर जग्धर नदिको पश्चिम किनारमा अवस्थित थियो। भुईचालोंले भग्नावेश भएको कुरा स्थानीयहरु बताउने गरेका छन । केहि समय पुर्व सम्म पनि उक्त ठाउँमा ईटा , भाडा कुडाहरु लगायत अन्य समानहरु देखिएका थिए । बेला बखतमा आउने बाढीले बगाएर लाने गरेको छ भन्छन ।

साउन महिना भरी ठुलै मेला लाग्ने गर्छ। शिव भक्तहरु मिथिलेश्वर नाथ महादेवको दर्शन गर्न जल चढाउन पुजा पाठ गर्न आउने गर्छ्न । महाशिवरात्री का दिन पनि भव्य मेला लाग्ने गर्दछ। मिथिलेश्वर नाथ महादेव , पार्वती लगायत अन्य देवी देवताका दर्शन गर्ने गर्छन । तलाउका मध्यभागमा कमलको फुलमा नाग देवताले शिवलिङ्गलाई लपेटर छत्र काटेर जिब्रो निकालेको नाग देवता विराजमान छन । सबै भक्तजनहरु उक्त स्थलमा आशीर्वाद लिन पुग्ने गर्छन ।

यहाँ अन्य चाड पर्वमा पनि उत्तिकै भिड हुने गर्छ। मकर सक्रांतीमा माघ महिना भरि यस तलाउमा स्नान गर्ने हरुको घुइँचो लाग्ने गर्छ। भक्तजनहरु यहाँ स्नान गरेर मिथिलेश्वर नाथ महादेवको दर्शन गरेर धनुषा धाम दर्शन गर्न जाने गर्छ्न। विवाह पञ्चमी, राम नवमी, छठ, जितिया, पर्शुराम जयन्ती र दशैमा विभिन्न कार्यक्रमहरु यहाँ हुने गर्छ्न। चाड पर्वका दिन भक्त जनहरुकोलागी अन्न क्षेत्र सञ्चालन गर्ने गरिन्छ। हजारौंले अन्न क्षेत्रमा प्रसाद ग्रहण गर्ने गर्छन । बैशाख महिनाको शुक्ल पक्षको तेस्रो दिन ९अक्षय तृतीया०मा पर्शुराम जयन्ती भव्यताका साथ मनाइन्छ । यस दिन भगवान पर्शुरामजिको पुजा पाठ तथा पर्शुराम तलाउमा महाआरती हुने गर्छ। यस दिन गरिएका पुण्य कार्य कहिल्यै नष्ट हुदैन । राम नवमिका दिन कल्प वृक्षमा ध्वजा रोपन गर्ने गरिन्छ। बडा दशैमा यहाँ ठुलै मेला लाग्ने गर्दछ। नवाह तथा भजन किर्तन एघार दिन सम्म हुने गर्दछ। यस बेलाको पर्शुराम तलाउको रौनकता हेर्ने लायक नै हुन्छ।

तलाउको पुर्व तर्फको डिलमा डिहिवार ब्रह्मस्थान बिराजमान रहेका छ्न। यहाँ प्रत्येक वर्ष असार १ गतेका दिन खिर ,लड्डु लगायतका नैबेध चढाएर धुमधामका साथ पुजा पाठ गर्ने गरिन्छ। भक्तजनहरुको ठुलै घुइँचो हुने गर्छ।

कल्प वृक्षको दक्षिण पुर्व सीता कुण्ड रहेको छ। सिताजी यस जङ्गलमा सखिसङ्गिहरु संग घुम्न आउँदा यस कुण्डमा जल क्रिडा एवं स्नान गर्ने गर्थिन । यस कुण्डको चारै तर्फका डिलमा ठूलठूला बिशाल वर,पिपल,आँप लगायत अन्य फलफूलका बोटहरु थिए। हाल केही मात्रामा रहेका छ्न। यस कुण्डको पुर्व र पश्चिम डिलमा दाहसंस्कार गर्ने गरिन्छ । धार्मिक आस्थाका अनुसार जिवनमा जान अनजानमा भएका गरिएका पापहरु मृत्यु पश्चात यस स्थलमा मृतक्को दाहासंस्कार गर्दा दिवंगत आत्माले सबै पापबाट मुक्ति पाउदै मोक्ष प्राप्त गर्छ भन्ने धार्मिक जन विश्वास रहेको छ।

यस तलाउका सन्दर्भमा विभिन्न धार्मिक एवं स्थानीय रोचक श्रुति मुलक कथाहरु रहेका छ्न। परापुर्वकाल देखि अवस्थित रहेको यस तलाउमा त्रेता युगका महर्षी राजा सिरध्वज जनक र उनकी सुपित्री सीता सखिसङ्गी संग यस जङ्गलमा बिचरण गर्न आउँदा राजा जनक कल्प वृक्षको उत्तर तर्फ अवस्थित रहेको तलाउमा स्नान गरि कल्प वृक्ष मुनि ध्यान गर्ने गर्थे। सीताजि यस कल्प वृक्षको दक्षिण तर्फ रहेको तलाउमा सखी सङ्गिहरुसंग जल कृडा एवं स्नान गर्ने गर्थिन । जसले गर्दा जनक राजाले स्नान गर्ने गरेको तलाउको नाउ जनक कुण्ड र सिताजिले स्नान गर्ने तलाउको नाउ सीता कुन्ड भनेर सम्बोधन गर्ने गरिन्थ्यो । जनक कुण्डलाई नै पर्शुराम तलाउ भनेर सम्बोधन गर्ने गरिन्छ। पर्शुराम तलाउ सम्बोधन हुन थालेको सन्दर्भमा यहाँका महन्त राधा मोहन दास वैष्णव रोचक कथा सुनाउने गर्छन । उक्त कथा अनुसार स९

बिष्णुका दशौं अवतार मध्येका छैटौं अवतार भगवान पर्शुराम शिव भक्त हुन । उनका पिता कृषि जमदग्निलको यज्ञ हवनका लागि उनकी माता रेणुका गंगा नदिमा कलश लिएर जल लूयाउन गएकी थिइन। त्याहाँ गंधर्व चित्ररथ अप्सराहरुका साथमा जल कृडा गरिरहेका थिए । यो दृश्य देखेर रेणुका मोहित हुन पुगिन । जल लूयाउ विलम्ब भयो । यज्ञका समय व्यतीत हुन पुग्यो। कृषि जमदग्नि आफ्नी अर्द्धाङ्गणी रेणुकाको मानसिक व्यभिचार गरेको देखेर दण्ड स्वरुप आफ्ना छोराहरुलाई आमाको बध गर्न आदेस दिए। कुनै छोराहरु तयार भएनन । कृषि जमदि्ग्नले ती छोराहरूलाई संज्ञाहिन बनाईदिए । र पर्शुरामलाई उनका पिता कृषि जमदग्निले आमा रेणुकाको बध गर्न आदेश दिए । पितृ भक्त परशुरामले पिताको आदेशको पालन गर्दै आमाको शरीरबाट परशुले टाउको छिनालिदिए। पिता खुशी हुँदै छोरालाई वरदान माग भने पश्चात भगवान परशुरामले चार वरदान मागे । आमा पुनर्जीवित होउन , आमालाई मरेको स्मृति नहोस , , भाईहरु चेतना युक्त होउन ,र म परमायु होउ। पिताबाट यी चारै वटै बरदान प्राप्त गरे तर मातृ हत्याको पापबाट मुक्त हुन सकेनन । ब्रह्माण्डका सारा तिर्थाटन गर्दा पनि केहि सीप नलाग्दा आफ्ना गुरु शिवलाई गुहादाँ उनले जुक्ति बताइदिए। मिथिला क्षेत्रका महर्षी राजा शिरध्वज जनकलाई भेट उनले मात्री पापबाट मुक्त हुने उपाय बताइदिने छ्न भने पश्चात मिथिलामा आएर राजा जनकलाई भेटेर सारा वृतान्त सुनाउदछ्न । महर्षी राजा जनकले सारा कुरा सुने पछि भन्छन ९ जनकपुर धामबाट उत्तर पुर्व इशान कोणमा एउटा तलाउ छ। उक्त तलाउमा स्नान , दर्शन गर्दा ब्राह्म ९पितृ९ गोत्र९ गुरु हत्याको सारा पापबाट मुक्त हुन्छ भनेर बताए । यी कुरा सुनेर भगवान पर्शुराम सो स्थलमा पुगे र जनक राजाले बताएका तलाउमा स्नान गरेर मात्री हत्याको पापबाट मुक्त भए। उनले यस तलाउमा स्नान गरेर पापबाट मुक्त भएकाले यस तलाउको नाउँ पर्शुराम तलाउ रहन गयो। तलाउको दक्षिण पश्चिममा रहेको कल्प वृक्ष मुनि ध्यान गर्दै केहि दिन यहाँ व्यतीत गरि आफ्ना मात्री हत्याको सारा पापबाट मुक्त भएर महेन्द्र गिरि पर्वत तर्फ प्रस्थान गरे । उनको प्रस्थान पश्चात तलाउमा सेतो, निलो र रातो कमलका फुलहरु फुल्न थाल्यो । सो हाल सम्म फुल्दैछ। र उनले ध्यान गरेको कल्प वृक्ष हाल सम्म तलाउको उत्तर पश्चिम कोणमा रहेको लोक मान्यता रहिआएको छ।

यस तिथस्थलको अकी रोचक कथा अनुसार भगवान पर्शुरामले देबरात जनकलाई शिबका पिनाक धनुष राख्न दिएका थिए । महर्षि राजा सिरध्वज जनकले आफ्नो छोरी सिताको स्वयंवर उक्त पिनाक धनुषमा ताँदो चढाउनेसंग गरिदिने प्रतिज्ञा गरेका थिए । उनका प्रतिज्ञा अनुसार अयोध्याका राजकुमार भगवान रामद्वारा ताँदो चढाउदां तीन टुक्रा हुन पुग्यो । पर्शुरामले थाहा पएर वायुमार्गबाट धनुष यज्ञ स्थल पुगे । आक्रोशित अवस्थामा त्यहाँ पुगेका पर्शुरामसंग लक्षमण, र रामका सवांद पश्चात भगवान पर्शुरामलाई राजा जनकले यहि तलाउको किनारमा बसाएका थिए। उनी यस तलाउमा स्नान गर्थे । कल्प वृक्ष मुनि ध्यान गर्ने गर्थे । केही दिनको यहाँको बसाई पछि उनी महेन्द्र गिरि पर्वत तर्फ प्रस्थान गरे।

अहिले पनि कल्प वृक्ष मुनि बसेर भक्तजानहरु ध्यान गर्ने गर्छन । कल्प वृक्ष मुनि ध्यान गर्दा शान्ति प्राप्त हुन्छ र मागेको मनोकाँक्षित फल प्राप्त हुने गर्छ भन्ने जन विश्वास रहिआएको छ। कतिपय भक्तजनहरु शान्त वातावरणमा वृक्ष मुनि ध्यान ९मेडिटेसन० गर्ने गर्छन ।

कमलको फुलको पातलाई स्थानीय भाषामा पुरैनको पत्ता पनि भनिन्छ । यसै पुरैनको पत्ता पाउने तिर्थस्थल भन्दा दक्षिण पश्चिममा एउटा गाउ बस्न गयो । यसै तलाउका पुरैनको पातबाट दशौं गाउका मानिसहरु भोज भतेर गर्ने गर्थे । पुरैनको पत्ता पाउने कारणले यस स्थानलाई पुरैन दह भनिन थालियो। यो शब्द अभ्रहंस हुदै पुरन्दाहा गाउँको नाउँ हुन पुगेको बुढा पाखाहरु बताउदछ्न ।

पर्शुराम तलाउको सन्दर्भ एउटा किबदंत्ती पनि सुन्न पाइन्छ । केही समय पहिला सम्म जंगलले भरिएको यस क्षेत्रमा बटोहिहकी विश्राम स्थल यसै तलाउमा हुने गथ्यी । थकित बटोहिहरु यश तलाउको किनारमा उभिएर ध्यान गरेर आफुलाई पकाउने भाडा कुडा माग्दा तलाउबाट निस्कने गथ्यी। खाना पकाएर खाए पश्चात धोएर उक्त स्थानमा नै सुम्पिएर जान्थे । एकदिन एक लोभी पापी बटोहिले ध्यान गरेर तलाउबाट लिएका भाडा कुडामा खाना पकाएर खाए पश्चात भाडाँहरु चोरेर लगेपछि बन्द भएको कथा बढी रोचक ढंगबाट गाउलेहरु सुनाउने गर्छन ।

यस पवित्र धार्मिक तिर्थस्थल पर्शुराम तलाउका संरक्षण सम्बर्द्धन तथा रेखदेख गरिरहेका महन्त राधा मोहन दास वैष्णव छन। यिनका जिवनका पनि आफ्नै प्रकारको रोचक कथा रहेको छ। बुवा श्री रामलखन खडगा यादव र आमा पवन देबि यादवको गर्भबाट कान्छो छोराको रुपमा कल्याण पुर नगर पालिका वाड ना।७ भेडिया भन्ने ठाउँमा गरिब परिवारमा यिनको जन्म भएको हो। रामलखनका संतानहरु बराबर बिरामी परिरहन्थे ।

उपचारका अभावमा कतिपय संतानाहरुलाई यिनले गुमाउनु परेको थियो। बाँचेका पनि बारम्बार बिरामी पर्ने गर्थे ।

एकदी महन्त राधा मोहन दास भन्दा माथिका यिनका दाई बिरामी परेर जनकपुर धामका नर्सिङ होममा लूयएका थिए। तर उक्त छोरालाई उनले बचाउन सकेनन । उनले जगत जननी माता श्रीजानकिजिलाई सम्झिन पुगे। र मन मनै गुहार लगए। हे १ माता १ मलाई यहि पुत्र म कहाँ पुनः जन्म लियोस । मैले पुत्र प्राप्त भए तिमिलाई सेवाभावकोलागी अर्पण गर्नेछु। न भन्दै केही समय पश्चात २०५०९०२९१५ गतेका दिन उनले राधा मोहन यादवलाई पुत्रको रुपमा प्राप्त गरे। पाँच वर्ष सम्म बुवा आमाको काखमा हुर्केका बढेका यिनलाई यिनका बुवाले श्रीजानकी मन्दिरमा माता श्री जानाकीजिको सेवाका लागि अर्पण गरे। तर पाँच वर्षको अबोध बच्चालाई जानकी मन्दिरमा राख्ने प्रबन्ध नमिल्दा उनलाई उनकै गाउँमा लगियो। केहिदिनको गाउँ बसाइ पछि २०५७ साल तिर बिद्यार्थी बाबाको नाउँले प्रख्यात राम अध्यूयन दास वैष्णवले उनलाई ईनरवाका यज्ञ स्थल आश्रममा लिएर आए। र आफ्नै रेखदेखमा राखे । त्यहीँ बसेर दस कक्षा सम्म जनकपुर धामका मोनास्टिक बोर्डिङ स्कुलमा अध्यन गरे। आफ्ना गुरु राम अध्यन दास वैश्णवका गुरु राम आज्ञा दास नाज्ञा मौनी बाबा जसले बारह वर्ष सम्म खडा भएर र आजिवन मौन व्रत धारण गरेर खडेश्वरी बाबा तथा मौनिबाबाको रुपमा प्रसिद्ध भएका महात्माको सानिध्यतामा पर्शुराम तलाउमा भगवानको सेवामा लागे। उनका गुरुका गुरु मौनिबाबाको मुख्य आश्रम श्रीरामजानकी मन्दिर हरसार रहेको छ। कात्तिक महिनामा यिनका गुरु बाबा गंगा स्नानकालागी आफ्ना हरसारको आश्रमबाट कसैलाई केही नभनेर निस्के। गंगा स्नान गर्न गएका यिनका गुरुबाबा हाल सम्म फर्केका छैनन। उनी गंगा स्नान गर्दा अन्तरध्याण भएका हुन कि भन्ने कुरा महन्त राधा मोहन दास बताउदछ्न।


कथा प्रसंगहरु जे जसो भएपनि पाप नाशिनी, मुक्ति दायिनी यस तलाउमा स्नान, पान, तथा ध्यान गरेर यसको जलको दर्शन गर्नाले, हाथमा लगाएर अँखामा स्पर्श गर्नाले तथा कल्प वृक्षको दर्शन गरेमा अनेकौं जन्मको पाप छुटेर यहाँ पुण्य फल भोगि पापी पुरुष पनि पुण्यात्मा भएर मोक्ष प्राप्त गर्दछ भन्ने धार्मिक तथा लोक मान्यता रहेको छ।

श्रुति किबदंति एव धार्मिक शास्त्रमा उल्लेख भएका कथाहरु अनुसार लोक मान्यता एवं धार्मिक आश्थाका पवित्र तिर्थ स्थल पर्शुराम तलाउको आफ्नो पुर्व काल देखि रहेको मुल्य मान्यताहरुलाई धार्मिक अस्तित्वलाई धराशायी नबनाउने गरि बिकासका निर्माणका कार्य हुन सके जनकपुर धामको धार्मिक पर्यटनलाई बिस्तार गर्ने मार्गमा ठुलो टेवा पुग्न सक्छ। अस्तुस

# अर्थतन्त्र सुधारका लागि सरकारले सकारात्मक हस्तक्षेप गरेको : प्रधानमन्त्री

**टुडे समाचारदात**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्थतन्त्र सुधारका लागि सरकारले सकारात्मक हस्तक्षेप गरेको र गरिरहने बताएका छन् ।



नेपाल उद्योग परिसङ्घको २१ औँ वार्षिकोत्सव समारोहका अवसरमा उनले निजी क्षेत्रको मनोबल बढाउने, लगानीमैत्री वातावरण निर्माण गर्ने र परिणाममुखी कामका लागि प्रोत्साहित गर्ने काममा सरकार जिम्मेवार भएर लागिरहेको स्पष्ट पारेका छन् । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटबाट सरकारले सुधार गर्न खोजेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले अर्थतन्त्रको सवलीकरण मात्रै नभई देखिने गरी नयाँ उत्साह र सन्देश प्रवाह गर्ने तयारीमा सरकार लागिपरेको बताए ।

निजी क्षेत्रसँगको सहकार्यबाटै अर्थतन्त्रलाई गतिशील बनाउन सकिने बताउदै प्रधानमन्त्रीले निजी क्षेत्रको मनोबल बढाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पार । "अर्थतन्त्रको सुधारका लागि सरकार गम्भीर छ", प्रधानमन्त्री दाहालले भने, "निजी क्षेत्रसँगको सहकार्यबाटै अर्थतन्त्रलाई गतिशील बनाउन सकिन्छ भन्नेमा म स्पष्ट पनि छु ।

चालु आर्थिक वर्ष अर्थतन्त्रका लागि आशालाग्दो वर्ष हुने विश्वास व्यक्त गरे । "नयाँ वर्षको सुरुआतमा नै तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन गर्दैछौँ । विदेशी लगानी भित्र्याउन सोहीअनुरूप वातावरण निर्माणका लागि दर्जन बढी कानुन संशोधनको प्रक्रियामा छन्", प्रधानमन्त्री दाहालले भने, "यस अर्थमा २०८१ लाई एउटा आशलाग्दो वर्षका रूपमा लिन सकिन्छ ।"

> निजी क्षेत्रसंगको सहकार्यबाटै अर्थतन्त्रलाई गतिशील बनाउन सकिने बताउदै प्रधानमन्त्रीले निजी क्षेत्रको मनोबल बढाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पार । अर्थतन्त्रको सुधारका लागि सरकार गम्भीर छू, प्रधानमन्त्री दाहालले भने

"दबाबका बीचमा पनि उत्पादन र रोजगारीमा केन्द्रित हुने र जनतामा आत्मविश्वास पैदा गर्ने सोच र तयारीमा सरकार छ", प्रधानमन्त्री दाहालले भने, "सोहीअनुरूप मौद्रिक नीतिलाई समेत अगाडि बढाउने छौँ । अर्थतन्त्रमा सुधार मात्र नभएर केही गुणात्मक परिणाम ल्याउन जरूरी छ, त्यसो गरिन्छ ।"

निजी क्षेत्रको समस्या अर्थतन्त्रको समस्या भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, "निजी क्षेको समस्या भनेको अर्थतन्त्रको समस्या हो । अर्थतन्त्रमा रहेको समस्या समाधान गर्नसक्ने पूर्ण क्षमता यो सरकारमा छ र समाधान गर्नेछ ।" पछिल्लो समय अर्थतन्त्रमा सुधारका महत्वपूर्ण सूचकहरू देखा पर्दै गएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले वस्तु तथा सेवा निर्यातमा आशालाग्दो अवस्था देखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले विद्युत्, जस्तापाता, सिमेन्टजस्ता वस्तु निर्यातले देशको अर्थतन्त्रलाई सबल तुल्याउने विश्वास व्यक्त गरे । पर्यटन आगमनमा उल्लेख सुधार आएको र सूचना प्रविधिको क्षेत्रले पनि आशा जगाएको बताउँदै उनले यस्ता गतिविधिले राष्ट्रिय आम्दानी र पुँजी निर्माणमा ठूलो योगदान दिने विश्वास व्यक्त गरे ।

कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योगी व्यवसायीको माग सम्बोधन गर्दै औद्योगिक वातावरण बनाउन सरकार तयार रहेको बताए ।

# देश र जनहितका काममा विलम्ब नगरौँः जुलीकुमारी महतो

**काठमाण्डु** । यथार्थमा देशको अर्थतन्त्र अपेक्षाकृत गतिशील हुनसकेको छैन । आर्थिक क्षेत्रमा एउटा पक्ष बिग्रिनेबित्तिकै त्यसले सबैतिर असर पार्छ । अर्थतन्त्रले उद्योगी- व्यवसायीदेखि गृहिणीसम्मलाई असर पारेको छ । महँगी नियन्त्रण गर्ने, सुशासन कायम, भौतिक पूर्वाधार निर्माणलगायत महत्त्वपूर्ण काम प्रभावकारी रूपमा हुनसकेका छैनन् । सरकार परिवर्तन भएपछि जनताले यस दिशामा केही सकारात्मक परिणाम प्राप्त हुन्छ भन्ने आशाचाहिँ गरेका छन् ।



अहिले दिनहुँजसो मिटर ब्याजपीडित, सहकारीपीडितका समस्या, किसानका समस्या, उद्योगी-व्यवसायीका समस्या सार्वजनिक भइरहेका छन् । सुशासनको प्रत्याभूति हुनसकेको छैन । सरकारले सेवाप्रवाह सहज रूपमा गराउन नसकेको जनताले गुनासो गरिरहेका छन् ।मुलुकका लागि अत्यावश्यक कानुन शीघ्र पारित गरेर कार्यान्वयनमा जानुपर्छजस्तो लाग्छ । कतिपय नियमावली पनि संसद्ले नै बनाउने हो तर संसद्भित्रको प्रक्रिया लामो हुने भएकाले एउटा विधेयक पारित गर्न पनि धेरै समय लागेको देखिन्छ । हाम्रो संसद्मा दलीय प्रभाव ठूलो छ। सांसदहरू पनि स्वतन्त्र हुनसकेका छैनन् । जति भूमिका सांसदको हुनुपर्ने हो त्यति हुन पाएको छैन ।

संसद्मा कुनै पनि दलको अहिले एकल बहुमत छैन । यस्तो अवस्थामा गठबन्धन सरकार बन्नु स्वाभाविक हो । तर एकल बहुमतसहितको सरकार भए त्यो पाँच वर्ष चल्थ्यो, र त्यसले मुलुकको विकास, समृद्धि र स्थायित्व दिन सक्थ्यो । छिटो छिटो सरकार परिवर्तन हुने भएपछि धेरै काममा बाधा उत्पन्न हुन्छ । अघिल्लो सरकारले ल्याएका कतिपय विधेयक अलपत्र पर्ने र नयाँ विधेयक ल्याउन पनि समय लाग्ने अवस्थाले समग्र कानुन निर्माणमा नकारात्मक प्रभाव पारेको स्पष्टै छ । अझ सानातिना विषयमा पनि सदन अवरुद्ध गर्ने परिपाटी मौलाएको छ। जनताका सुखदुःखको कुरा उठाउने सम्मानित सदनलाई दलभन्दा माथि उठेर सोच्न र व्यवहार गर्नुपर्छ । संसद् अवरोध नगरी आफ्ना विषयवस्तु राख्ने, सरकारको ध्यानाकर्षण गराउने, दबाब दिने अरु उपायतर्फ विचार गर्नुपर्ने बेला आइसकेको छ।

अहिले कामको खोजीमा होस् वा अध्ययनका लागि युवाको विदेश पलायन तीव्रगतिमा भइरहेको छ। देशमा केही नै छैन र यहाँ केही पनि हुँदैन भन्ने सोच हाबी भइरहेको छ । सरकारले हाल बन्द भएका उद्योग पुनः सञ्चालन गर्न र नयाँ उद्योगको अवधारणा ल्याएर देशभित्रै रोजगारीका अवसर सिर्जना गर्नुपर्छ।

शिक्षामा पनि व्यापक सुधारको खाँचो छ। देशभित्रै सुलभ र सहज रूपमा उच्च अध्ययन गर्न पाउने वातावरण मिलाउन ढिला भइसक्यो । अहिले आफूले रोजेको विषय पढ्न चाहना राख्ने मेधावी विद्यार्थीले पनि भर्ना नै हुन पाउँदैनन् । कतिपय शैक्षिक संस्थामा शुल्क निकै महँगो छ । विश्वविद्यालयमा छिटो काम नहुने, परीक्षाफल ढिलो प्रकाशित गर्ने आदि समस्या वर्षौंदेखि देखिएका छन् । नेपाललाई शिक्षाको हब बनाउन सकिने सम्भावना प्रशस्त छ । विदेशी विद्यार्थीले पनि नेपाली शिक्षण संस्थाबाट शिक्षा लिनसक्ने वातावरण बनाउन सकिन्छ । तर जति कार्यान्वयन हुनुपर्ने हो, त्यो पाटोमा भने ध्यान दिन सकिएको छैन।

मुलुक सङ्घीयतामा गइसकेपछि अहिले तीन तहको सरकार छ। मेरो जोड भनेकै तीनै तहका सरकारले सेवाप्रवाहलाई केन्द्रमा राखेर काम गर्नुपर्छ भन्ने हो । म मधेस प्रदेशबाट प्रतिनिधित्व गर्छु। त्यहाँ अहिले धेरैजसो खेत बाँझो हुन थालेको छ। कृषिप्रधान देश भन्छौँ नेपाललाई । कृषिमा हामी आत्मनिर्भर कसरी गराउन सक्छौँ भन्ने महत्त्वपूर्ण पाटो हो । हरेक उत्पादनमा रोजगारी जोडिन्छ । बेरोजगारीको समस्या समाधान मुखले भनेर हुँदैन । जबसम्म देशमा चाहिने कुरा पूरा हुँदैनन्, पानीबिनाको माछाजस्तै हुन्छ । जस्तै, रोजगारी र खानेकुरा नभई नहुने हुन् । अहिले हामीले ठूला कुरा सोच्नुभन्दा पनि हाम्रो जग कसरी बलियो बनाउने भन्नेमा सोच्नुपर्छ। उत्पादनतिर जोडेनौँ भने हाम्रो जग बलियो हुन सक्दैन।

दुःखका साथ भन्नुपर्छ, अहिले हाम्रो मुलुकमा भ्रष्टाचार व्याप्त छ। चुहावट छ। किसानले समस्या भोगेकै छन् । समयमा मलखाद पाउँदैनन्। पूर्वाधार धेरै बन्न बाँकी छन् । पूर्वाधार नभई त विकास नै हुँदैन । कैयौँ उद्योग बन्द छन्। खुलेका पनि राम्ररी चल्न सकेका छैनन् । सरकारी अस्पतालमा चाप बढी छ। निजी अस्पतालमा शुल्क महँगो छ । विद्यालयमा पनि त्यही समस्या छ । खेलकुदका लागि मैदान छैन ।

अहिले विश्वभर नै आर्थिक मन्दी छ । जनताले भोग्नुपरेका महँगी, बेरोजगारीलगायत समस्या समाधानतर्फ वर्तमान सरकारले विशेष ध्यान दिनेमा म आशावादी छु। सबैले साझा सङ्कल्पका साथ मिलेर देश विकासका निम्ति आ-आफ्नो क्षेत्रबाट इमानदार प्रयास गर्नुपर्छ। हामी सबैले जे जानेका छौँ त्यो गरौँ । प्राकृतिक स्रोतले धनी देश हो नेपाल। अहिले नै सोच्यौँ भने भोलिका पुस्ताका लागि काम लाग्छ। हाम्रो एकमात्र उद्देश्य उन्नत राष्ट्र निर्माण हो। जनतालाई महसुस हुनेगरी हामी सबैले काम गर्नुपर्छ। निजी र सहकारी क्षेत्र दुवैले हातेमालो गरेर अघि बढ्नुपर्छ। देश र जनहितका काम गर्न अब किञ्चित् विलम्ब गर्नु हुँदैन।

जुलीकुमारी महतो नेपाल कम्युनिष्ट पार्टी (एमाले)की सांसद हुनुहुन्छ । उहाँ धनुषा जिल्लाबाट प्रतिनिधिसभामा निर्वाचित हुनुभएको हो । नेकपा (एमाले)का विभिन्न पदमा रहेर सक्रिय राजनीतिमा आबद्ध उहाँ यसअघि महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री हुनुहुन्थ्यो ।रासस

# सांसदको प्रश्नः बेरुजु कम गर्ने योजना के छ ?

**काठमाण्डु** । "बेरुजु प्रत्येक वर्ष बढ्दै गएको छ, छ वर्षमा बेरुजु न्यूनीकरण गर्ने योजना के छ रु", भन्ने सांसदको जिज्ञासामा प्रस्तावित महालेखापरीक्षक तोयम रायाले भन्नुभयो, "बेजुरु प्रक्रिया हो, पछिल्लो समय सम्परीक्षण नभएर बढी देखिएको हो, नियमित, असुलउपर र पेस्की सबै गरेर बेरुजु बढी देखिएको हो ।"



रायाको संसदीय सुनुवाइ समितिमा भएको सुनुवाइका क्रममा समितिका सदस्य जनार्दन शर्माले प्रश्न गर्नुभयो , "बेरुजु प्रत्येक वर्ष बढ्दै गएको छ रु छ वर्षमा सुधारको ठोस योजना के छ रु त्यस्तै, समितिका सदस्य महेश बर्तौलाले थप्नुभयो, "बेरुजुको समस्या बढेर गएको छ, सरकारी निकायमा यसरी बेरुजु बढ्दा सुशासनलाई गिज्याइरहेको देखिन्छ, यस्तो अवस्थामा स्वतन्त्र, निश्पक्ष पारदर्शी तरिकाले काम गर्न सक्नुहुन्छ रु" समितिका सदस्य रमेश लेखकले जिज्ञासा पनि उस्तै थियो, "बेरुजु कम गर्ने योजना के छ रु" समितिका अर्का सदस्य ज्ञानेन्द्रबहादुर कार्कीको प्रश्न थियो, "बेरुजु, अनियमितता र भ्रष्टाचार एकआपसमा कसरी अन्तरसम्बन्धित छन रु"

समितिका सदस्य सुनिता बरालले सरकारी कार्यालयहरुमा राज्यको सूचना दुरुपयोग भइरहेको विषयलाई व्यवस्थापन गने योजनाका बारेमा जिज्ञासा राख्नुभएको थियो। त्यस्तै, सदस्य ईश्वरी घर्ती र प्रकाश अधिकारीको प्रश्न पनि एउटै थियो, "चाङका चाङ बेरुजु घटाउने योजना के छ रु" समितिका अधिकांश सदस्यको प्रश्न बेरुजु बढेको र घटाउने योजनाकै विषयमा थियो।

महालेखा परीक्षकको ६० औँ वार्षिक प्रतिवेदन २०७९ अनुसार आर्थिक वर्ष २०७८/०७९ का अनुसार रु पाँच खर्ब ८७ अर्ब रहेको छ।

प्रस्तावित महालेखा परीक्षक रायाले समितिका सबै सदस्यहरुको जिज्ञासाको उत्तर दिँदै भन्नुभयो, "बेरुजु न्यूनीकरण गर्नमा मुख्य प्राथमिकता रहनेछ, त्यसका लागि तीन तहबाटै लेखा परीक्षण गर्ने संयन्त्र चाहिन्छ, त्यसका लागि सबै सरोकारवाला निकायको सहयोग चाहिन्छ।"

प्रस्तावित महालेखा परीक्षक रायाले समितिमा १५ पेजको आगामी छ वर्षका कार्ययोजना प्रस्तुत गर्नुभएको थियो । कार्ययोजनामा स्वतन्त्रता र संस्थागत सुदृढीकरण परिवर्तित सङ्घीय शासन प्रणालीअनुरूप महालेखा परीक्षकको कार्यालयको सङ्गठन पुनःसंरचना गरिने रहेको छ ।त्यस्तै, सार्वजनिक लेखापरीक्षणलाई गुणस्तरीय, जवाफदेही र विश्वसनीय बनाउन नैतिक सङ्गठनका पूर्वाधारहरू तयार गरिने, लेखा परीक्षणका लागि विद्यमान रणनीतिक योजनाको कार्यान्वयन, भावी रणनीतिक योजनाको तयारी, निर्माण र कार्यान्वयन गरिने, वित्तीय अनुशासन पालना गर्न, गराउन सरोकारवाला सबै पक्षसँग अन्तर्क्रिया, समन्वय, सहकार्य र सम्बन्ध विस्तार गरिने कार्ययोजना रहेको छ।

त्यस्तै, पूर्वमहालेखा परीक्षक एवं पूर्वकर्मचारीसँग अनुभवको आदानप्रदान तथा सुधारका विभिन्न पक्षहरूमाथि निरन्तर छलफल चलाइने र सुधारका लागि सुझाव लिइने, आन्तरिक संस्थागत सम्बन्ध सुदृढ गर्न सार्वजनिक लेखा समिति, संवैधानिक निकाय, नागरिक समाज, निजी क्षेत्र, तिनै तहका सरकार, संसद्/सभा र नेतृत्व, तथा आन्तरिक लेखापरीक्षण गर्ने निकायसँग समन्वय र सहकार्य गरिने रहेको छ ।लेखापरीक्षणसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्बन्ध विस्तार, विकासका साझेदारसँग समन्वय र सहकार्य गरिनुका साथै संस्थागत समन्वयमार्फत सरोकारवालाबीच सहकार्य गरी लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि गरिने रहेको छ।

लेखा परीक्षणमा व्यावसायिकताको विकासमा आधुनिक लेखापरीक्षण प्रविधि, डाटा एनालिटिक्स र सूचना प्रविधिसम्बन्धी सीपहरूमा ध्यान केन्द्रित गर्दै लेखापरीक्षकहरूका लागि व्यापक प्रशिक्षण कार्यक्रममार्फत मानव संशाधन विकास गर्दै लगिने रहेको छ।

उच्च कार्यक्षमता प्रदर्शन गर्ने कर्मचारीहरुलाई उत्प्रेरित र पुरस्कृत गर्न प्रोत्साहन प्रणालीको विकास गर्न नीतिगत व्यवस्थाका लागि सम्बद्ध पक्षसँग सहकार्य गरी अघि बढाइने र लेखापरीक्षणमा कार्यरत कर्मचारीहरूको व्यावसायिक क्षमता अभिवृद्धिका लागि विशिष्टीकृत तालीम नीति सेवाकालीन, अल्पकालीन र मामिलामा आधारित तर्जुमा गरी कार्यान्वयनमा ल्याइने उल्लेख छ ।लेखापरीक्षण कार्यको प्रभावकारिता अभिवृद्धि गर्न प्रविधिमैत्री भौतिक पूर्वाधार तथा बहुआयामिक जनशक्तिको विकास गर्दै लगिने र लेखापरीक्षणको समकक्षी पुनरावलोकन गराई विद्यमान लेखापरीक्षण प्रक्रियाका सुधारका क्षेत्रहरू पहिचान गरी कार्यान्वयन गरिने रहेको छ।

समितिले महालेखापरीक्षकमा सिफारिस हुनुभएका तोयम रायालाई सर्वसम्मतिले अनुमोदन गरेको छ। समितिका सभापति पशुपतिशमशेर जबराले प्रस्तावित महालेखापरीक्षकमा रायाको नाम सर्वसम्मतिले अनुमोदन गरेको बताउनुभयो संवैधानिक परिषद्को गत चैत १८ गतेको बैठकले रायालाई महालेखापरीक्षक पदमा नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको थियो ।रासस

# विश्वविद्यालयहरूमा कुनै हस्तक्षेप नहुने शिक्षा मन्त्री श्रेष्ठको प्रतिवद्धता



**टुडे समाचारदाता**

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले आफू र आफ्नो पार्टीका तर्फबाट विश्वविद्यालयहरूमा कुनै हस्तक्षेप नहुने बताएकी छन् ।

विश्वविद्यालयहरूमा प्राज्ञिकता र योग्यताक्रमअनुसार नियुक्ति-क्रमलाई निरन्तरता दिन शिक्षावद् केदारभक्त माथेमासहित विज्ञहरूको सुझाव मंगलबार सिंहदरबारमा ग्रहण गर्दै मन्त्री श्रेष्ठले आफू विश्वविद्यालयहरूको पदेन सहकुलपति भए पनि कुनै पनि उपकुलपति वा पदाधिकारीलाई आफू वा आफ्नो पार्टीका मान्छेलाई नियुक्ति दिनु वा यस्तो काम गरिदिनु भनेर नभन्ने बताएकी हुन् ।

"मेरो पार्टीबाट विश्वविद्यालयमा कुनै दबाब वा हस्तक्षेप हुँदैन । यहाँहरुले पनि विभिन्न पार्टीका शीर्ष नेताहरूलाई हस्तक्षेप नगर्न भनिदिनुहोला", उनले भनिन् । शिक्षाविद्हरूले त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्ष र रजिष्ट्रारमा दलीय भागबण्डाका आधारमा नभई खुला प्रतिस्पर्धाका आधारमा नियुक्त गराएकामा मन्त्री श्रेष्ठलाई धन्यवाद दिएका थिए ।

मन्त्री श्रेष्ठले त्रिभुवन विश्वविद्यालयको सेवा आयोगका सदस्यहरुको नियुक्तिमा पनि प्रतिस्पर्धाका आधारमा नियुक्ति गरिने र उक्त छनोट प्रक्रियामा आफू संलग्न नहुने स्पष्ट गरिन् । उनले विद्यमान कानुनले कर्मचारी र शिक्षकलाई राजनीतिक दलको सदस्य बस्न नमिल्ने भएकाले बसेको पाइएमा कारबाही गर्न आफू कटिबद्ध रहेको अवगत गराउँदै शिक्षक बन्न 'बिएड' पढेकै हुनुपर्ने बाध्यतालाई हटाउने लगायत शिक्षक पदपूर्तिको मापदण्डसम्बन्धी सुझाव दिनका लागि कार्यदल गठन गरिएको जानकारी दिईन् ।

# दलिय शिक्षकलाई कारबाही गर्नेबारे शिक्षामन्त्री र आयुक्तबीच छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । राजनीतिक दलमा आवद्ध शिक्षक तथा कर्मचारीहरुलाई कारवाहीको विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठ र प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाबीच मंगलबार सिंहदरबारमा छलफल भएको छ।

शिक्षकहरूले राजनीतिक दलको सदस्यता लिएको, सक्रिय राजनीति गरेको विषयमा मन्त्रालयमा उजुरी प्राप्त भएको र प्रचलित कानुनले शिक्षकलाई राजनीति गर्नबाट बन्देज गरेकाले ती कानुन कार्यान्वयनमा लैजाने विषयमा छलफल भएको जनाइएको छ । छलफलमा शिक्षामन्त्रीले राजनीति गरिरहेका शिक्षक पहिचान गर्नमा निर्वाचन आयोगबाट सहयोग माग गरेकी थिईन्।



"शिक्षा क्षेत्रबाट दलीय राजनीति हटाउने विषयमा त आम सहमति जस्तै भइसकेको छ । अब, कसरी हटाउने भन्ने विषयमा हामीले छलफल गरिरहेका छौँ । मन्त्रालयले प्रमाण जुटाउन चाहिने विवरण निर्वाचन आयोगबाट प्राप्त हुने अपेक्षा गरेको छ", मन्त्री श्रेष्ठले भनिन्।

छलफलका क्रममा प्रमुख आयुक्त थपलियाले विद्यमान कानुन, विगतमा अदालतबाट भएका फैसला र अन्तर्राष्ट्रिय अभ्याससमेत हेरेर दलमा आवद्ध शिक्षक र कर्मचारीलाई कारबाही गर्न कुनै समस्या नरहेको बताएका थिए । विगतमा निर्वाचन आयोगले निर्णय नै गरेको र कानुन


# भ्रष्टाचार निर्मूल गर्नकालागि कांग्रेसले नेतृत्व लिनुपर्ने थापाको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले विकासका सवालमा दलहरुबीच राष्ट्रिय बहस छलफल गरी साझा धारणा बनाउन, भ्रष्टाचार निर्मूल गर्न र कानुनी शासनलगायतका मुद्दामा कांग्रेसले नेतृत्व गर्नुपर्ने बताएका छन्।

'समुदायमा कांग्रेस संवाद कार्यक्रम'का क्रममा मंगलबार धनगढीमा आयोजित कार्यक्रमा थापाले विकास र सुशासन पार्टीको मुख्य 'एजेण्डा' हुनुपर्ने बताउदै पार्टीको एजेण्डा २०८४ का लागि नभइ आज देखिएका यावत समस्याको समाधानका लागि हुनुपने बताए।

# इजराइल आक्रमणपछि इरानद्वारा आणविक केन्द्र बन्द



**एएफपी**

संयुक्त राष्ट्रसङ्घ । इरानले सप्ताहन्तमा इजराइलमाथि ठूलो मात्रामा ड्रोन र मिसाइल हमला गरेपछि 'सुरक्षाका कारण' आफ्नो आणविक केन्द्रहरू अस्थायीरूपमा बन्द गरेको संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी संस्थाका प्रमुखले सोमबार बताउनुभएको छ।

राष्ट्रसङ्घीय सुरक्षा परिषद्को बैठकका क्रममा पत्रकारहरूहरूले अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का प्रमुख राफेल ग्रोसीलाई आक्रमाणको प्रतिशोधमा इरानी आणविक केन्द्रहरूमा इजराइली आक्रमणको सम्भावनाप्रति चिन्तित हुनुहुन्छ भनी प्रश्न गरेका थिए।

"हामी सधैँ यसको सम्भावनाको बारेमा चिन्तित छौँ, म के भन्न सक्छु भने इरानमा आणविक केन्द्रहरूको निरीक्षण गरिरहेका हाम्रा निरीक्षकहरूलाई इरान सरकारले हिजो आइतबार सुरक्षाका कारण सबै आणविक केन्द्र बन्द रहनेछ भनेर जानकारी गराएको छ", उहाँले भन्नुभयो।

उहाँका अनुसार सोमबार आणविक केन्द्रहरू पुनः खुल्नुपर्ने थियो तर निरीक्षकहरू अर्को दिनसम्म फर्कने छैनन्। 'अत्यधिक संयमता' अपनाउन आग्रह गर्दै उहाँले भन्नुभयो, "स्थिति पूर्ण शान्त नभएसम्म मैले निरीक्षकहरूलाई फर्कन नदिने निर्णय गरेँ।

"दमास्कसमा आफ्नो वाणिज्य दूतावासको भवनमा भएको हवाई आक्रमणको जवाफमा इरानले आइतबार राति इजराइलमाथि तीन सयभन्दा धेरै ड्रोन र मिसाइल प्रहार गरेको थियो। दमास्कसमा भएको इजराइली आक्रमणमा इरानका दुई जनरलसहित रिभोल्युसनरी गार्डका सात सदस्य मारिएका थिए।

इजराइल र उसका सहयोगीहरूले इरानका अधिकांश हतियारलाई खसाएको थियो र इरानी आक्रमणमा सामान्य क्षति भएको थियो तर सम्भावित इजराइली प्रतिशोधका बारेको चिन्ताहरूले पुनः क्षेत्रीय युद्धको डर उत्पन्न गरेको छ। इजराइलले पहिला पनि यस क्षेत्रमा आणविक स्थलहरू विरुद्ध कारबाही गरिसकेको छ।

सन् १९८१ मा वासिङ्टनले विरोध गरे पनि इजराइलले सद्दाम हुसेनको इराकमा ओसिरिक आणविक रिएक्टरमा बम हमला गरेको थियो। साथै उसले सन् २०१८ मा ११ वर्षअघि सिरियामा एउटा रिएक्टरविरुद्ध उच्चस्तरको गोप्य हवाई हमला सुरु गरेको स्वीकार गरेको थियो।

तेहरानले इजराइलमाथि सन् २०१० मा दुई इरानी आणविक भौतिकविद्को हत्या गरेको र गत वर्ष एउटा अर्को अपहरण गरेको आरोप लगाएको छ।

यसका साथै सन् २०१० मा स्टक्सनेट भाइरसको प्रयोगमार्फत परिष्कृत साइबर हमलाका कारण युरेनियम संवर्धनका लागि प्रयोग गरिने इरानी सेन्ट्रिफ्युजमा शृंखलाबद्ध तरिकाले खराबी आएको थियो।

तेहरानले यसका लागि इजराइल र संयुक्त राज्य अमेरिकालाई दोष दिएको थियो।

# जिल्ला लिग फुटबल प्रतियोगिता सुरु



**महेन्द्रनगर** । कञ्चनपुरको महेन्द्रनगरमा सोमबारदेखि जिल्ला लिग फुटबल प्रतियोगिता सुरु भएको छ। कञ्चनपुर जिल्ला फुटबल सङ्घको आयोजना र भीमदत्त नगरपालिकाको सहयोगमा सुरु भएको प्रतियोगिताको एक कार्यक्रमकाबीच भीमदत्त नगरपालिकाका प्रमुख पदम बोगटीले उद्घाटन गर्नुभयो।

महेन्द्रनगरस्थित खुल्ला मञ्चमा भएको पहिलो खेल दीपज्योति युवा क्लब र अरनिको युवा क्लबबीच बराबरीमा टुङ्गिँदा समान एक/एक अङ्कमा बाँडेका छन्। कञ्चनपुर जिल्ला फुटबल सङ्घका महासचिव नितेश रावलले निर्धारित समयमा गोलरहित हुँदा दुवै टोलीले अङ्क बाँडेका जानकारी दिनुभयो।त्यसैगरी, सोमबारको दोस्रो खेलमा निङ्गलाशैनी विकास समाजले विजयी सुरुआत गरेको छ। निङ्गलाशैनीले द ग्यालेक्सी युवा क्लबलाई ३-२ गोलले पराजित गर्दै आफ्नो विजयी यात्रा सुरुआत गरेको हो।

मंगलबार रोयल गोर्खाज स्पोर्टस् क्लब र आदर्श समाज, कञ्चन समाज र महेन्द्रनगर युनाइटेड तथा अन्तिम खेल त्रिपुरा समाज र राम युवा क्लबबीच हुने आयोजकले जनाएको छ।प्रतियोगिताको उपाधि विजेता टोली रु ५१ हजार एक सय ११, उपविजेता टोलीले रु २५ हजार पाँच सय ५५ र सान्त्वना पुरस्कारस्वरुप रु ११ हजार एक सय ११ नगदसहित पुरस्कृत हुनेछन्। अखिल नेपाल फुटबल सङ्घ (एन्फा) वार्षिक कार्यतालिकाअनुसार भइरहेको प्रतियोगितामा कूल ११ टोली सहभागी छन्।

# अपेक्षाभन्दा राम्रो प्रदर्शन गर्दै चीनको अर्थतन्त्र



**एएफपी**

हङकङ ।चीनको अर्थतन्त्र वर्षको पहिलो तीन महिनामा अपेक्षाभन्दा द्रुत गतिमा विस्तार भएको छ। वृद्धि र बलियो मागलाई उत्तेजित गर्ने नीतिहरूले आर्थिक वृद्धिलाई मद्दत गरेको सरकारले जनाएको छ।विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनमा जनवरी-मार्चमा वार्षिक आधारमा पाँच दशमलव तीन प्रतिशतले आर्थिक वृद्धि भएको छ। विश्लेषकहरूले चार दशमलव आठ प्रतिशतले वृद्धि हुने अनुमान गरेका थिए। अघिल्लो त्रैमासिकको तुलनामा अर्थतन्त्र एक दशमलव छ प्रतिशतले बढेको छ।

चीनको अर्थतन्त्रले कोभिड-१९ महामारीबाट सुधारमा आउन सङ्घर्ष गर्नुपरेको छ। कोभिड-१९ महामारीका कारण मागमा मन्दी र रियल स्टेटमा देखिएको सङ्कटका कारण आर्थिक विकास प्रभावित भएको थियो। चीनले आफ्नो निर्यात मार्चमा अघिल्लो वर्षको तुलनामा सात दशमलव पाँच प्रतिशतले घटेको र आयात पनि कमजोर भएको बताएको थियो। मुद्रास्फीतिका कारण रियल स्टेट क्षेत्रमा देखिएको सङ्कटले सुस्त मागको अपस्फीति दबाबलाई प्रतिबिम्बित गर्दछ।

पहिलो त्रैमासिकका लागि औद्योगिक उत्पादन गत वर्षको तुलनामा छ दशमलव एक प्रतिशतले माथि रहेको र खुद्रा बिक्री चार दशमलव सात प्रतिशतको वार्षिक आधारमा बढेको छ। कारखाना र उपकरणमा स्थिर लगानी अघिल्लो वर्षको सोही अवधिको तुलनामा चार दशमलव पाँच प्रतिशतले बढेको छ।

अक्सफोर्ड इकोनमिक्सका चिनियाँ अर्थशास्त्री लुइस लूका अनुसार जनवरी-मार्चमा मजबुत वृद्धिलाई 'व्यापक उत्पादनको राम्रो प्रदर्शन ले सहयोग गरेको छ भने चन्द्र नववर्षको बिदा र नीतिहरूका कारण उत्सवमा बढेको घरेलु खर्चले लगानीलाई बढाउन सहयोग गरेको छ।

बेइजिङले अर्थतन्त्रलाई बढाउन चाहेकाले नीति निर्माताहरूले वित्तीय र मौद्रिक नीति उपायहरूको एउटा शृंखला जारी गरेका छन्। चीनले सन् २०२४ का लागि करिब पाँच प्रतिशतको महत्त्वाकांक्षी कूल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धि लक्ष्य निर्धारण गरेको छ। यस्तो बलियो वृद्धिले सामान्यतया क्षेत्रभर सेयर मूल्य उच्च पार्ने भए पनि मङ्गलबार वाल स्ट्रिटमा स्टकहरू पछि हटेपछि एसियाली सेयरहरू तीव्ररूपमा घटेको छ।

# सप्ताहन्त हमलामा 'उपेक्षापूर्ण' प्रतिक्रियाविरुद्ध इरानको इजराइललाई चेतावनी

**एएफपी**

तेहरान । इरानका राष्ट्रपति रायसी इब्राहिमले इजराइललाई सप्ताहन्तमा इरानको अभूतपूर्व ड्रोन र मिसाइल आक्रमणप्रति 'सानो पनि कदम' चाले 'पीडादायी प्रतिक्रिया' को सामना गर्नुपर्ने चेतावनी दिनुभएको छ।

सिरियास्थित दमास्कस वाणिज्य दूतावासमा अप्रिल १ मा भएको हवाई आक्रमणको जवाफमा शनिबार इरानले इजराइलमाथि पहिलो प्रत्यक्ष आक्रमण गरेको थियो। दूतावासमा भएको आक्रमण इजराइलले गरेको आरोप इरानले लगाएको छ।

उक्त आक्रमणमा इरानी दूतावासको पाँच तले कन्सुलर खण्ड ध्वस्त भएको थियो भने दुई जनरलसहित रिभोल्युसनरी गार्डका सात सदस्य मारिएका थिए। "इरानको हितविरुद्ध थोरै पनि कारवाहीप्रति निश्चितरूपमा गम्भीर, व्यापक र पीडादायी जवाफ दिइने छ भन्ने हामी दृढतापूर्वक घोषणा गर्दछौँ", राष्ट्रपति रायसीले सोमबार राति कतारका अमिर शेख तमिम बिन हमद अल थानीसँगको टेलिफोन वार्तामा भन्नुभयो।

उहाँले इरानले 'आत्मरक्षा' का लागि काम गरेको दोहोर्याउनुभयो। उहाँको कार्यालयको विज्ञप्तिमा अपरेसनले वाणिज्य दूतावासमा आक्रमण गर्न प्रयोग हुने इजराइली आधारहरूलाई लक्षित गरिएको उल्लेख छ। उहाँले इजराइलका लागि केही पश्चिमी सरकारको समर्थनको आलोचना गर्नुभयो। व्यापक क्षेत्रीय द्वन्द्वको आशङ्काका कारण विश्वका नेताहरूले संयमता अपनाउन आग्रह गरेको भए पनि इजराइली सशस्त्र बलका प्रमुख लेफ्टिनेन्ट जनरल हर्जी हलेवीले सोमबार अभूतपूर्व आक्रमणको जवाफ दिइने वाचा गर्नुभयो। "इजराइली क्षेत्रमा यति धेरै मिसाइल, क्रुज मिसाइल र युएभीको प्रक्षेपणको जवाफ दिइने छ", हलेवीले नेवातिम एयरबेसमा सैनिकहरूलाई भन्नुभयो।

अमेरिका र अन्य सहयोगीको मद्दतमा अधिकांश इरानी हतियारलाई खसाइएको र आक्रमणमा न्यूनतम क्षति मात्र भएको इजराइली सेनाले बताएको छ। इरानले इजराइलमा आफ्नो 'सीमित' आक्रमण गर्नुअघि अमेरिकालाई सूचित गरेको र छिमेकी मुलुकहरूलाई ७२ घन्टाको चेतावनी दिएको बताएको छ।

# अन्तरपालिकास्तरीय खुल्ला पुरुष भलिबलको उपाधि बौदीकालीलाई



**रामपुर** । अन्तरपालिकास्तरीय खुल्ला पुरुष भलिबल खेलको उपाधि बौदीकाली गाउँपालिका नवलपुरले हात पारेको छ। पाल्पाको निस्दी गाउँपालिकामा आयोजना भएको प्रतियोगिताको फाइनलमा चापाकोट नगरपालिका स्याङ्जालाई ३-० को सोझो सेटले हराउँदै बौदीकालीले उपाधि चुम्न सफल भएको छ।

फाइनल खेलमा पहिलो, दोस्रो र तेस्रो सेट बौदीकालीले क्रमशः २५-२२, २५-१८ र २५-१४ जित्या। चापाकोट उपविजेता बन्दा घिरिङ गाउँपालिका तनहुँ तेस्रो भएको छ। निस्दी गाउँपालिकालाई २५-१३, २५-२२ र २८-२६ अङ्कसहित ३-० को सोझो सेटमा पराजित गर्दै घिरिङ तेस्रो भएको छ भने निस्दी गाउँपालिका चौथो भएको छ।

उत्कृष्ट खेलाडी बौदीकाली गाउँपालिकाका विश्वास अधिकारी, उत्कृष्ट स्पाइकर बौदीकाली गाउँपालिकाका अशोक श्रेष्ठ, उत्कृष्ट सेटर बौदीकालीका दानबहादुर गाहा, उत्कृष्ट डिफेण्डर चापाकोट नगरपालिकाका राजन दर्लामी, उत्कृष्ट सर्भर घिरिङ गाउँपालिकाका सुजन राना, उत्कृष्ट ब्लकर चापाकोटका विवश थापा र उत्कृष्ट कोच बौदीकालीका सञ्जित सिञ्जाली घोषित भएका छन्।

प्रतिनिधिसभा सदस्य ठाकुरप्रसाद गैरेले विजेतालाई पुरस्कार वितरण गर्नुभयो। विजेता टोलीले रु एक लाख ३० हजार, दास्रो हुनेले रु ८० हजार, तेस्रो हुनेले रु ५० हजार र चौथो हुनेले रु २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्।पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुरका गरी छ समूहले प्रतियोगितामा सहभागिता जनाएका थिए। दोस्रो निस्दी कृषि, पर्यटन, सांस्कृतिक तथा खेलकुद महोत्सवको अवसरमा भलिबल प्रतियोगिता आयोजना गरिएको हो।

# जर्मनीका सोल्सले चिनियाँ राष्ट्रपति सीसँग युक्रेनमा 'केवल शान्ति' बारे छलफल गर्ने



**एएफपी**

बेइजिङ । जर्मन चान्सलर ओलाफ सोल्सले मङ्गलबार चीनका राष्ट्रपति सी जिनपिङसँग युक्रेनमा 'न्यायपूर्ण शान्ति' बारे छलफल गर्ने बताउनुभएको छ।

"राष्ट्रपति सीसँगको मेरो भेट हामी कसरी युक्रेनमा न्यायपूर्ण शान्तिका लागि थप योगदान दिन सक्छौँ भन्ने कुरामा केन्द्रित हुनेछ", सोल्सले सामाजिक सञ्जाल एक्समा एक पोस्टमा भन्नुभयो, "मेरो पछिल्लो चीन भ्रमणदेखि नै हाम्रा सरकारबीच गहन आदानप्रदान भएको छ।"यसअघि सोल्सले बर्लिनको सबैभन्दा ठूलो व्यापारिक साझेदार बेइजिङको तीन दिने भ्रमणको अन्तिम दिन चिनियाँ राष्ट्रपति सीलाई भेटेको र दुवैले राजधानीमा डियाउटाई स्टेट गेस्टहाउसमा अनौपचारिक छलफल गर्ने चिनियाँ सञ्चारमाध्यमहरूले बताएका थिए।

सोल्सको लक्ष्य व्यापार सम्बन्धलाई बलियो बनाउनु रहेकाले भ्रमणले उहाँलाई दक्षिणपश्चिमी मेगासिटी चोङकिङ, आर्थिक महाशक्ति साङ्घाई र राजधानी बेइजिङ लगेको छ। चान्सलर सोल्सको आइतबारदेखि मङ्गलबारसम्मको चीन भ्रमणमा मन्त्री र व्यावसायिक अधिकारीहरूको एउटा ठूलो प्रतिनिधिमण्डल पनि गएको छ। पदभार ग्रहणपछि यो उहाँको दोस्रो चीन भ्रमण हो।

मङ्गलबार उहाँले चिनियाँ प्रधानमन्त्री ली छ्याङसँग भेट गर्ने र जर्मन-चिनियाँ आर्थिक समितिसँग बसेर पत्रकार सम्मेलन गर्ने अपेक्षा गरिएको छ। जर्मनीका धेरै पश्चिमी सहयोगीहरू व्यापारिक मुद्दाहरूमा चीनको सामना गरिरहेका बेला सोल्सको चीन भ्रमण भएको छ। ब्रसेल्समा चिनियाँ सौर्य प्यानल, विद्युतीय कार र वायु टरबाइनका लागि राज्य सहयोगको अनुसन्धान भइरहेको छ। यसैबीच अमेरिकाले कारहरूमा चिनियाँ प्रविधिबाट उत्पन्न राष्ट्रिय सुरक्षा जोखिमहरूको अनुसन्धान गरिरहेको छ।

# प्यालेस्टिनी समर्थक प्रदर्शनकारीद्वारा अमेरिकामा प्रर्दशन

**एएफपी**

शिकागो ।प्यालेस्टिनी समर्थक प्रदर्शनकारीहरूले सोमबार अमेरिकी सहर इलिनोइस, क्यालिफोर्निया, न्युयोर्क र प्यासिफिक नर्थवेस्टमा सडक अवरुद्ध गर्नुका साथै अस्थायीरूपमा देशको सबैभन्दा धेरै प्रयोग हुने विमानस्थलहरू, गोल्डेन गेट, ब्रुकलिन पुल र व्यस्त ठाउँहरूमा यात्रा बन्द गरेका छन्।

आयोजकमध्येका एक रिफ्का फालानेले शिकागोमा प्रदर्शनकारीहरूले काँध मिलाएर एक सय ९० लेन अवरुद्ध पारेको बताउनुभयो। उहाँले प्यालेस्टिनीलाई स्वतन्त्र गर्नका लागि यो विश्वव्यापी आर्थिक नाकाबन्दीको हिस्सा रहेको बताउनुभयो।

प्रदर्शनकारीहरूले गोल्डेन गेट ब्रिजमा सबै सवारी साधन, पैदल यात्री र बाइक ट्राफिकहरू बन्द गरेको र ओकल्यान्डको अन्तरराज्यीय ८८० मा सिमेन्टले भरिएका ५५ ग्यालेन ड्रममा बाँधेर राखेकाले सानफ्रान्सिस्को खाडी क्षेत्रमा ट्राफिक घन्टौँसम्म रोकिएको थियो।

ब्रुकलिनमा प्रदर्शन गर्ने प्रदर्शनकारीहरूले ब्रुकलिन ब्रिजमा म्यानहट्टन जाने यातायात अवरुद्ध गरेका थिए। प्रदर्शनकारीले युजिन, ओरेगनका साथै पाँच अन्तरराज्यीय अवरुद्ध गरेर करिब ४५ मिनेटका लागि प्रमुख राजमार्गमा यातायात बन्द गरेका थिए। प्रदर्शनकारीहरूले सबैभन्दा ठूलो ओहेर विमानस्थललाई छनोट गरेका थिए।



इजराइल र हमासबीचको युद्धमा तत्काल युद्धविरामका लागि प्रदर्शनकारीहरूले आह्वान गरेका थिए। हमासले अक्टोबर ७ मा दक्षिणी इजराइलमा गरेको हमलामा करिब एक हजार दुई सय व्यक्तिको मृत्यु भएदेखि शिकागोमा दैनिकरूपमा युद्धविरोधी प्रदर्शन भइरहेका छन्।

गाजा स्वास्थ्य मन्त्रालयले इजराइली आक्रमणमा ३३ हजार सात सयभन्दा बढी प्यालेस्टिनी मारिएको जनाएको छ। मन्त्रालयले आफ्नो गणनामा नागरिक र लडाकुहरू बीचको भिन्नता नराखेको र मृतकमध्ये दुई तिहाइ महिला र बालबालिका रहेको बताएको छ।

ओहेर विमानस्थलले सामाजिक सञ्जाल एक्समा यात्रीहरूलाई कार यात्राका साथै यातायातको वैकल्पिक मार्ग प्रयोग गर्न भनेको छ। ट्राफिक जाममा फसेका केही यात्रु आफ्नो कार छाडेर सामान बोक्दै विमानस्थलतर्फ हिँडेका थिए। शिकागो उड्डयन विभागले १५ मिनेटभन्दा कमको ढिलाइका साथ विमानस्थल सञ्चालनमा आएको जनाएको छ। ओहेरतर्फको ट्राफिक बिहान करिब ९ बजे सञ्चालनमा आएको थियो।

सिएटल नजिकै वासिङ्टन राज्य यातायात विभागले प्रदर्शनले सिएटल-टाकोमा अन्तर्राष्ट्रिय विमानस्थलको मुख्य सडक बन्द गरेको बताएको छ। सामाजिक सञ्जाल पोष्टहरूले राजमार्गमा उभिएर ब्यानर बोकेका र प्यालेस्टिनी झण्डा फहराएको देखाएका छन्।

सडकहरू करिब तीन घण्टापछि खुला भएका थिए ।क्यालिफोर्निया राजमार्ग गस्तीका अनुसार गोल्डेन गेट ब्रिज प्रदर्शनमा लगभग २० प्रदर्शनकारी पक्राउ परेका छन्। अधिकारीहरूले अन्तरराज्यीयमा दुईवटा विन्दुमा उनीहरूलाई पक्राउ गरेका हुन्।

# पर्यटनमा उपलब्धिको वर्ष

**काठमाण्डु** । कोरोना महामारीका कारण थलिएको नेपालको पर्यटन क्षेत्र वर्ष २०८० मा सुधारोन्मुख रह्यो । पर्यटक आगमनमा उल्लेख्य सुधार देखियो भने पर्यटकीय गन्तव्यमा पनि चहलपहल बढ्यो । आन्तरिक र बाह्य पर्यटक बढेपछि होटलहरुको 'अकुपेन्सी'मा उल्लेख्य सुधार देखियो । त्यति मात्रै होइन, पर्यटन क्षेत्रमा लगानी पनि बढ्यो ।कोरोना महामारीका कारण घरभित्र सीमित व्यक्तिहरु गत वर्ष आन्तरिक र बाह्य पर्यटनमा रमाए । नयाँ वर्ष २०८१ मा पर्यटकीय गन्तव्यमा देखिएको अत्यधिक चहलपहलले यसको पुष्टि पनि ग्यो । पर्यटकीय गतिविधि मात्रै होइन यस क्षेत्रमा लगानी पनि बढेको छ ।

होटल सङ्घ नेपालका अध्यक्ष विनायक शाहले समग्रमा वर्ष २०८० पर्यटनका लागि उत्साहजनक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "समग्रमा पर्यटन उत्साहवर्द्धक रह्यो । अहिले होटल 'बुकिङ' पनि सन्तोषजनक छ । विदेशी पर्यटक आगमन कोभिड-१९ पूर्वको अवस्थामा पुगेको छ, यसले पर्यटनमा उत्साह थपिएको छ ।"होटल पूर्वाधारमा ठूलो लगानी भएको तर क्षमताअनुरुप पर्यटक कम रहेकाले होटल पूर्वाधारको क्षमताअनुरुप पूर्णरुपमा उपयोग गर्न नसकिएको अध्यक्ष शाहको भनाइ छ । उहाँले सडक सञ्जाल, हवाई सम्पर्क सञ्जाल प्रभावकारी बनाउँदै पर्यटन नीतिलाई समयसापेक्ष बनाएर लैजानुपर्ने खाँचो औंल्याउनुभयो ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष नीलहरि बास्तोलाले समग्रमा वर्ष २०८० पर्यटनका लागि उत्साहवर्द्धक रहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "नेपालको पर्यटन पुनरुत्थान भएको अवस्था हो, कोभिडको चपेटाबाट व्यवसायी भुक्त हुँदै गर्दा पर्यटन क्षेत्र थप चलायमान बन्छ भन्ने विश्वास छ।"गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनसँगै सडक सञ्जाललाई व्यवस्थित बनाउन सकेको खण्डमा आगामी दिनमा नेपालमा पर्यटक बढ्ने अध्यक्ष बास्तोलाको भनाइ छ ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्टस् (नाट्टा) का अध्यक्ष रमेश थापा पनि वर्ष २०८० पर्यटकका लागि सुखद भएको बताउनुहुन्छ । कोभिडपछि पर्यटन पुरानै लयमा फर्किएकाले आगामी दिन राम्रो हुने विश्वास व्यक्त गर्नुभयो । अध्यक्ष थापाले अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा नेपाल पर्यटन बोर्डले सक्रियता जनाउन नसके पनि प्रवर्द्धनका कामलाई निजी क्षेत्रका व्यवसायीले निरन्तरता दिएको भन्दै वर्ष २०८१ मा बोर्डको बजारीकरणलाई प्रभावकारी बनाएर बढीभन्दा बढी विदेशी पर्यटक आकर्षण गर्ने कार्यमा सबै सक्रिय ढङ्गले लाग्नुपर्नेमा जोड दिनुभयो ।

पछिल्लो समय नेपालको पर्यटन क्षेत्र चलायमान बनाउन र पर्यटकको बसाइ लम्ब्याउनका लागि केबुलकार माध्यम बन्यो केबुलकारमा लगानी पनि बढेको छ । पछिल्लो समय देशका विभिन्न स्थानमा केबलकार निर्माण सुरु भएको छ । पूर्वमा पाथीभरादेखि कर्णाली नदीमा केबुलकार निर्माणको प्रक्रिया अघि बढेको छ ।

त्यसैगरी, जल पर्यटन प्रवर्द्धनका लागि विभिन्न नदी र तालमा मोटरबोटको प्रयोग बढेको छ । जलाशय र नदीहरु पर्यटनका लागि विभिन्न स्थानमा पछिल्लो समय मोटरबोटको प्रयोग बढेको पाइन्छ । नारायणी नदीदेखि भरत ताल र विभिन्न जलाशयमा मोटरबोटले पर्यटक तानिरहेका छन् ।त्यति मात्रै होइन, एड्भेन्चर पर्यटनका लागि पनि वर्ष २०८० सुखद रह्यो । पोखरामा एड्भेञ्चर पर्यटनका लागि पूर्वाधार निर्माण हुने क्रम जारी रह्यो । बञ्जी जम्पदेखि स्विङले पर्यटकको ध्यान खिचेको पाइयो । पर्यटकीय गतिविधि बढेसँगै परम्परागत सांस्कृतिक लोक नृत्यको संरक्षण, संवर्द्धन र प्रवर्द्धन पनि बढेको छ । त्यस्ता मौलिक नृत्यको संरक्षण मात्रै नभई यसैबाट आयआर्जन गर्न सकिने माध्यम पर्यटन बनेको छ ।

नेपाल राष्ट्र बैङ्कका अनुसार चालु आर्थिक वर्षको फागुनसम्म ट्रेकिङ, माउन्टेनियरिङ, रिसोर्ट, ऱ्याफ्टिङ क्याम्पिङमा रु २४ अर्ब ७८ करोड ६० लाख ६० हजार कर्जा प्रवाह भएको छ । जुन गत आवको सोही अवधिको तुलनामा एक दशमलव छ प्रतिशतले बढी हो । साथै होटल क्षेत्रमा पनि लगानी सोही अवधिमा सात दशमलव चार प्रतिशतले बढेर कर्जा रु एक खर्ब ८७ अर्ब ८१ करोड ३० लाख २० हजार पुगेको छ ।पर्यटकीय गन्तव्यको प्रचारप्रसार, स्थानीय तहबाटै पर्यटक प्रवर्द्धन र घुम्न जाने चलन बढ्दा आन्तरिक पर्यटकको पनि गत वर्ष पर्यटक क्षेत्रको विकासमा उल्लेख्य योगदान रह्यो । त्यसमाथि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमणले नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्यो ।

महासचिव एन्टोनियो गुटेरेस नेपालको चारदिने औपचारिक भ्रमणका लागि गत कात्तिक १२ गते काठमाडौँ आउनुभएको थियो । उहाँले महत्वपूर्ण पर्यटकीय क्षेत्र सगरमाथा क्षेत्र, अन्नपूर्ण आधार शिविर, गौतमबुद्धको जन्मस्थल लुम्बिनी र पर्यटकीय नगरी पोखरा तथा ऐतिहासिक एवम् पुरातात्विक महत्वको सम्पदास्थल पाटन दरबार क्षेत्रको अवलोकन गर्नुभयो । संयुक्त राष्ट्रसङ्घका महासचिव 'कहाँ जानुहुन्छ ?' भन्ने विषय संसारभरका सञ्चार माध्यमका लागि 'बिग न्युज' हुन्छ । त्यसैले महासचिव गुटेरेसको नेपाल भ्रमण ऐतिहासिक हुनाका साथै पर्यटकीय विकासका दृष्टिले फलदायी भएको व्यवसायीको विश्वास छ ।

विसं २०७९ को बुद्ध जयन्तीका दिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणले लुम्बिनीमा भारतीय पर्यटक बढाएको छ । २०७५ सालमा भारतीय प्रधानमन्त्रीका रूपमा मोदीको जनकपुर र मुक्तिनाथको दर्शनयता ती क्षेत्रमा भारतीय पर्यटक बढेका थिए । काठमाडौँमै पशुपतिनाथ मन्दिरमा आउने भारतीयको संख्या पनि पछिल्लो समय उल्लेख्य मात्रामा बढेको पाइन्छ ।विश्वका सेलिब्रेटी मानिने व्यक्तिको भ्रमणले उक्त क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने गरेको छ । त्यसैले यस वर्ष संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसलगायत विशिष्ट व्यक्तिको नेपाल भ्रमण र यहाँ भएका पर्यटनसँग सम्बन्धित विभिन्न ठूला इभेन्टले नेपाललाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गर्न मद्दत पुगेको छ ।

गुटेरेसको भ्रमणले सहयोग

होटल सङ्घ नेपालका (हान) का अध्यक्ष विनायक शाह महासचिव गुटेरेसको नेपाल भ्रमणले यहाँको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको बताउनुहुन्छ । "संयुक्त राष्ट्रसङ्घका महासचिव कहाँ जानुहुन्छ, के गर्नुहुन्छ र के बोल्नुहुन्छ भन्ने विषय संसारका मिडियाका लागि चासो हुन्छ र बिग न्युज बन्छ", उहाँले भन्नुभयो, "विश्व प्रसिद्ध सर्वोच्च शिखर सगरमाथालगायत पर्यटकीय गन्तव्यको भ्रमणले विश्वभर नेपालको प्रवर्द्धन हुन्छ जसले नेपालप्रति विश्व समुदायको चासो बढ्छ ।" महासचिव गुटेरेसको भ्रमण राजनीतिक र आर्थिक रूपमा मात्रै नभई पर्यटन प्रवर्द्धनका दृष्टिले समेत महत्वपूर्ण भएको उहाँको विश्वास छ ।

नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछाने पनि नेपालको पर्यटनका लागि महासचिव गुटेरेसको भ्रमण ऐतिहासिक उपलब्धि भएको र यसले पर्यटन थप चलायमान भएको स्वीकार्नुहुन्छ । उहाँले भन्नुभयो, "महासचिव गुटेरेसको महत्वपूर्ण गन्तव्यको भ्रमणले नेपालको पर्यटनको विश्वभर प्रवर्द्धन भएको छ । महासचिवले गर्ने 'ट्राभल' संसारभरका सञ्चार माध्यममा समाचार बन्छ, त्यसैले उहाँको भ्रमणबाट ठूलो प्रचार प्रसार भएको छ ।" गुटेरेसले खुम्बु क्षेत्रको भ्रमणका साथै 'एभरेष्ट भ्यू' होटलमा 'लञ्च' गर्नुले विश्वभरका 'हाई इन्ड टुरिस्ट'लाई आकर्षण गर्ने पर्यटन बोर्डको विश्वास छ ।

महासचिव गुटेरेसको भ्रमणले पर्यटक बढाउन मद्दत पुग्नेमा नेपाल पर्वतारोहण सङ्घका महासचिव मोहन लम्सालले विश्वास व्यक्त गर्नुभयो । साहसिक पर्यटनको आकर्षक गन्तव्य रहेको नेपालको पर्वतीय पर्यटन, धार्मिक एवं सांस्कृतिक पर्यटन प्रवर्द्धनमा गुटेरेसको भ्रमणले विशेष अर्थ राख्ने उहाँले बताउनुभयो ।कोभिड-१९ (कोरोना भाइरस) महामारीले झन्डै तीन वर्ष खुम्चिएको विदेशी पर्यटक आगमन पूर्ववत् लयमा फर्किएको छ । समग्रमा वर्ष २०८० लाई पर्यटनका लागि उपलब्धिको वर्षका रुपमा लिन सकिन्छ । विदेशी पर्यटक बढेका छन् । हवाई पूर्वाधार तथा होटल पूर्वाधार विकासले फड्को मारेको छ । पर्वतारोहण र पदयात्रामा उत्साह छ । आन्तरिक र साहसिक गन्तव्य पर्यटकले भरिभराउछन् । नागरिक उड्डयन सुधारका लागि सकारात्मक पहल देखिएको छ ।

बढे विदेशी पर्यटक

यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटक २८ दशमलव नौ प्रतिशतले बढेका छन् । नेपाल पर्यटक बोर्डका अनुसार गत वर्षको मार्च महिनाको तुलनामा यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटकको संख्या २८ हजार सात सय ४१ ले वृद्धि भएको हो ।

गत वर्षको मार्चमा कूल ९९ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएकामा यस वर्षको सोही अवधिमा एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल आएका छन् । यस वर्षको जनवरीमा ७९ हजार एक सय र फेब्रुअरीमा ९७ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२३ को पहिलो तीन महिनामा दुई लाख २७ हजार सात सय ५५ जना विदेशी पर्यटक नेपाल भित्रिएकामा सन् २०२४ को पहिलो तीन महिनामा तीन लाख चार हजार छ सय ९३ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन् । जुन ३३ दशमलव ७८ प्रतिशतले बढी हो ।

सन् २०२३ मा १० लाख १४ हजार आठ सय ८२ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । योसँगै सरकारको वर्ष २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य पूरा भएको छ । अर्को वर्ष दोब्बर संख्यामा पर्यटक भित्र्याउने सरकारले घोषणा गरिसकेको छ । महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए तर सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको संख्या ८१ प्रतिशतले कमी आई दुई लाख ३० हजार ८५ संख्यामा खुम्चियो । त्यसैगरी, २०२१ मा भने एक लाख ५० हजार नौ सय ६२ पर्यटक नेपाल आएका थिए ।

बढ्यो पर्यटन आय

यो वर्ष भ्रमण आयमा उल्लेख्य सुधार आई नेपाल आउने विदेशी पर्यटकको संख्या बढेसँगै पर्यटनबाट हुने आम्दानी पनि बढेको छ । नेपाल राष्ट्र बैङ्कको प्रतिवेदनअनुसार चालु वर्षको आठ महिनामा भ्रमण आय रु ५१ अर्ब ३९ करोड पुगेको छ जुन अघिल्लो गत आवको सोही अवधिको तुलनामा ४२ दशमलव एक प्रतिशतले बढी हो । साथै विदेशमा घुम्न जाने नेपाली पनि बढेका छन् । केन्द्रीय बैङ्कका अनुसार सोही अवधिमा भ्रमण व्यय रु एक खर्ब २२ अर्ब ८१ करोड पुगेको छ । जुन अघिल्लो आवको सोही अवधिको तुलनामा ४५ दशमलव सात प्रतिशतले बढी हो । गत आर्थिक वर्षको आठ महिनामा भ्रमण व्यय रु ८४ अर्ब ३२ करोड थियो ।

पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले वर्ष २०८० को चैत मसान्तसम्मको आँकडाअनुसार हवाई मार्ग भएर १० लाखभन्दा बढी विदेशी पर्यटक भित्रिनुले पर्यटन पुरानै लय (सन् २०१९ को पर्यटन आगमन) मा फर्किएको बताउनुभयो ।

# एक रुपैयाँ बचतबाट बन्यो आठ करोडको पुँजी

**तनहुँ** । सुन्दा पत्यार नलाग्न सक्ला तर एक रुपैयाँ बचतले रु आठ करोडको पुँजी सङ्कलन भएको छ । बन्दीपुर गाउँपालिका-४ स्थित बिमलनगर आमा समूहले एक रुपैयाँबाट बचत सुरु गरेको कोषमा हाल रु आठ करोड जम्मा भएको छ । करिब तीन वर्षसम्म समूहले रु एक, दुई, दश, बीस, पचास र रु एक सयका दरले क्रमिक रुपमा बचत गर्दै आएको थियो । विसं २०५४ सालमा समूहले सहकारी सञ्चालन गर्ने निर्णय अनुरुप मर्स्याङ्दी आमा बचत तथा ऋण सहकारी संस्था स्थापना गरेका थिए ।



आमा समूहले बचत गर्दै आएको पैसाले सहकारी सञ्चालन गरेपछि अहिले संस्थाको पुँजी रु आठ करोडभन्दा बढी पुगेको हो । महिलाले सञ्चालनमा ल्याएको उपसमिति, ऋण उपसमिति, धितो मूल्याङ्कन समिति लगायतमा महिलाले नै नेतृत्व गर्दै आएका छन् । धितो राखेर रु पन्ध्र लाखसम्म ऋण दिन सक्ने अवस्थामा सहकारी पुगेको संस्थाकी अध्यक्ष बास्ना कुमारी मगरले बताउनुभयो । सहकारीले कृषि र उच्च शिक्षा पढ्नका लागि शिक्षा धितोमा १२ प्रतिशत र अन्य शीर्षकका कर्जामा १४ प्रतिशत ब्याज निर्धारण गरिएको छ ।

गाईपालन, तरकारी, धूप तालिम र घरबास सञ्चालन लगायतमा लगानी गर्ने गरिएको सो संस्थाले जनाएको छ । संस्थाको आफ्नै भवन रहेको छ । तत्कालीन समयमा रु एक लाख ४६ हजारमा जग्गा खरिद गरी केही नगद खर्च र श्रमदानबाट भवन निर्माण गरिएको लेखा संयोजक थापाले बताउनुभयो ।

> तत्कालीन समयमा रु एक लाख ४६ हजारमा जग्गा खरिद गरी केही नगद खर्च र श्रमदानबाट भवन निर्माण गरिएको लेखा संयोजक थापाले बताउनुभयो ।

उक्त सहकारी गाउँपालिकामै नमुना र अनुकरणीय गर्न योग्य रहेको संस्थाकी लेखा संयोजक बबिता थापाले बताउनुभयो । अहिले सहकारी संस्थामा आठ सयभन्दा बढी शेयर सदस्य छन् । उहाँले भन्नुभयो, "सुरुमा एक रुपैयाँ बचत गर्ने महिलाले अहिले मासिक रु एक हजार पाँच सयसम्म जम्मा गर्न थालेका छन् ।"

सहकारी संस्थामा कार्यरत सबै कर्मचारी महिला छन् भने लेखा समिति, शिक्षा

वडामा रहेका आमा समूहले सामाजिक क्रियाकलाप विवाह, व्रतबन्धलगायतका कार्यमा सक्रिय हुँदै आएको छ भने वडाभित्र सीमित रहेको सहकारी संस्थालाई पालिका तहसम्म क्षेत्र विस्तार गरिएको छ । आगामी दिनमा सहकारीलाई गण्डकी प्रदेशस्तरमा लैजाने लगायतका योजना बनाइएको अध्यक्ष मगरले जानकारी दिनुभयो । रासस

# नेप्से परिसूचक ओरालो लाग्ने क्रम जारी

**काठमाण्डु** । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार पनि ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक १४ दशमलव ८१ अङ्कले ओरालो लागेर एक हजार नौ सय ९१ दशमलव ७१ मा सिमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव २६ अङ्कले ओरालो लागेर तीन सय ५३ दशमलव ५१ मा सिमित भएको छ । कारोबार भएका कूल १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । नेप्सेका अनुसार कूल ५४ लाख ७१ हजार ६८ कित्ता शेयर रु दुई अर्ब १० करोड ३० लाख १९ हजार दुई सय १८ मूल्यमा कारोबार भएको छ । कारोबारका आधारमा गुर्खाज फाइनान्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु १७ करोड ५९ लाख ७८ हजार एक सय ६३ बराबरको कारोबार भएको छ ।

सूर्यज्योति लाइफ इन्स्योरेन्स रु सात करोड ४३ लाख ५३ हजार पाँच सय ७२, पोखरा फाइनान्स रु छ करोड ६८ लाख ९८ हजार दुई सय १४, सर्वोत्तम सिमेन्ट रु चार करोड ५९ लाख ८१ हजार चार सय ३४ र शिवम् सिमेन्ट रु चार करोड ४७ लाख ४३ हजार सात सय सात बराबर कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।



एसबिएस ऋणपत्र नौ दशमलव ९९, गोर्खाज फाइनान्स नौ दशमलव ९६, सिभिल बैंकको ऋणपत्र आठ दशमलव १९, ग्रीन डेभलपमेन्ट बैंक पाँच दशमलव शून्य दुई र दिव्यश्वरी हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव शून्य चार प्रतिशतले कमाएका नेप्सेले जनाएको छ ।त्यस्तै, रुरु जलविद्युत् परियोजना १०, पोखरा फाइनान्स छ दशमलव ७४, सिवाइसी नेपाल लघुवित्त छ दशमलव ५०, डोल्टी पावर पाँच दशमलव ६० र जनउत्थान सामुदायिक लघुवित्तका लगानीकर्ताले पाँच दशमलव शून्य छ प्रतिशतले गुमाएका छन् ।रासस

# सामुदायिक वनमा चरा अवलोकन

भरतपुर । २९औं वन्यजन्तु सप्ताहअन्तर्गत सोमबार चितवनमा चरा अवलोकन गरिएको छ । सामुदायिक वनमा चराको अवस्था पत्ता लगाउन सौराहाको जनकौली मध्यवर्ती सामुदायिक वनमा चरा अवलोकन गरिएको हो ।

चराको अवस्था अध्ययन गर्नाका साथै संरक्षणकर्मीहरुलाई चरा संरक्षणमा भएका प्रयास र प्रजातिको बारेका जानकारी दिइएको वर्ड एजुकेसन सोसाइटीका पूर्वअध्यक्ष वासु विँडारीले बताउनुभयो । उहाँका हनुसार यहाँका सामुदायिक वनमा पनि चराको राम्रो बासस्थान भएका क्षेत्र छन् ।

चितवनमा रहेका छ सय ५५ प्रजातिमध्ये ५० प्रतिशत प्रजाति जनकौली सामुदायिक वनमा रहेका विँडारीले जानकारी दिनुभयो ।

ओझेलमा रहेका जनकौली वनको प्रचारप्रसार र पर्यापर्यटनको विकासका लागि दबाब सृजना गर्न वन्यजन्तु सप्ताहको अवसरमा पारेर चरा अवलोकन कार्यक्रम राखिएको वर्ड एजुकेसन सोसाइटीका अध्यक्ष टीका गिरीले बताउनुभयो । मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समूहका अध्यक्ष दुर्गाप्रसाद घिमिरेले सौराहाको काखैमा रहेको जनकौली वनमा पर्यापर्यटनको विकास गर्न नसकिएकामा चिन्ता व्यक्त गर्नुभयो । चराको राम्रो बासस्थान रहेको जनकौलीमा पर्यटक आकर्षित गर्ने गतिविधि आवश्यक रहेको उहाँले बताउनुभयो ।

घिमिरेले पर्यटकलाई डुङ्गा सयर गराइरहेको जनकौलीमा निकट भविष्यमा जीप सफारी सञ्चालन गरी उपभोक्ताको जीविकोपार्जनको आधार तयार गरिने उल्लेख गर्नुभयो ।जनकौली वनका अध्यक्ष जोगेन्द्र महतोले यस वनमा चराको राम्रो बासस्थान रहेकाले यसको संरक्षण र प्रवर्द्धनमा जोड दिनुपर्ने बताउनुभयो । अन्य देशबाट आउने चराहरुले जनकौलीमै बच्चा जन्माएर फर्किने गरेका उहाँको भनाइ छ ।

जनकौली मध्यवर्ती सामुदायिक वनको आयोजना तथा चितवन राष्ट्रिय निकुञ्ज, मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समिति, वर्ड एजुकेसन सोसाइटी सौराहा र नेचर गाइड एसोसिएसन सौराहाको सहकार्यमा आवश्यक उपकरणको प्रयोग गरी चरा अवलोकन गरिएको थियो ।सप्ताहव्यापी कार्यक्रमअन्तर्गत मंगलबार वन्यजन्तु संरक्षणमूलक विद्यालयस्तरीय चित्रकला प्रतियोगिता, वन्यजन्तु र मानिसबीचको सहअस्तित्वसम्बन्धी विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता, भोलि डुङ्गा सयर, वैशाख ६ गते वन, वन्यजन्तु र वातावरण संरक्षणमूलक सचेतना ऱ्याली गरिने आयोजकले जनाएको छ ।रासस

**रुपनी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**
**मधेश प्रदेश नेपाल**

## प्लास्टिक चार्जर स्प्रेयर खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०१/०४ गते**

यस गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम तर्फ ५०% अनुदानमा प्लास्टिक चार्जर स्प्रेयर वितरण तथा ढुवानीका लागि रकम बिनियोजन भए बमोजिम शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म,संस्था,कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरू:**

१. दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको रावस्व शाखामा रु.१०००।- (अक्षेरपी एक हजार रुपैया मात्र ) पछि फिर्ता नहुने गरी बुझाई अध्याबधिक नबिकरण भएको ईजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सुचिमा नरहेको स्बघोषणा संलग्न राखी सम्बन्धित फर्म, संस्था, कम्पनि तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयका कृषि शाखाबाट दरभाउपत्र सम्बन्धि कागजात (Tender Document) खरिद गर्न सकिनेछ ।
२. खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रस्टसँग भरी सम्बन्धित फर्म, संस्था,कम्पनि तथा सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा शिलबन्दी गरी सो खाम बाहिर नाम, ठेगाना, सूचना नं र कामको नाम प्रष्ट सँग लेखी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे उपस्थित दरभाउदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
३. दरभाउपत्र धरौटी बापतको रकम यस गाउँपालिका कार्यालयको ग्लोबल आईएमई बैंक रुपनी शाखामा रहेको धरौटी खाता नं २५८०४०१००००००५ मा नगद जम्मा गरी सोको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस गाउँपालिका कार्यालयको नाममा जारी भएको विडवण्ड (बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधि भएको ) पेश गर्नु पर्नेछ । फाईनान्स कम्पनीबाट जारी भएको विडवण्ड मान्य हुने छैन ।
४. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कारवाही हुने छैन ।
५. दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा भर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।
६. दरभाउपत्रखदि गर्ने , दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदा लगतै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।
७. दरभाउपत्र सम्बन्धि थप जनकारी लिन परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
८. प्रचलित कानुन बमोजिम तोकिएको आधारहरु पुरा नभएको, रित नपुगेको, म्याद भित्र दर्ता नभएको र यस सूचना एवं दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको दरभाउपत्र उपर कारवाही हुने छैन ।
९. दरभाउपत्रबाट खरिद गर्ने स्प्रेयरको न्यूनतम मापदण्डको विवरण दरभाउपत्र फारम साथ संलग्न हुनेछ ।
१०. अन्य थप यस सूचनामा नसमेटिएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
११. एक फर्म, कम्पनि वा निमार्ण व्वसायीको नाममा खरिद भएको बोलपत्र फारम अर्को फर्म, संस्था, कम्पनि तथा सप्लायर्सको नामबाट दाखिला गर्न पाइने छैन ।
१२. दरभाउपत्र साथ पेश गर्ने कागजातहरुको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।
१३. कुनै कारण नै जनाई आंशिक वा पुरै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिका कार्यालयमा सुरक्षित रहनेछ ।
१४. प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा Website मार्फत गराईनेछ ।

**तपशिल:**

| सि. नं | शिलबन्दी दरभाउपत्र नं | कामको नाम र विवरण | कार्यालयको स्वीकृत वार्षिक रकम | कृषकले तिर्ने ५०% को रकम | जम्मा रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि/२/०८०/०८१ | प्लास्टिक चार्जर स्पेयर (टुईन वन १६ लि.) खरिद तथा ढुवानी, समेत | ७,००,०००।- | ७,००,०००।- | १४,००,०००।- | ३५,०००।- | ५०% अनुदानमा |

(प्रमुख प्रशासकीय अधिकृत)

# आज राम नवमी, रामको पूजा आराधना गरी मनाइँदै



टुडे समाचारदाता

जनकपुरधाम । चैत्र शुक्ल नवमीका दिन मनाइने रामनवमी पर्व बुधबार श्रद्धा भक्तिपूर्वक भगवान् श्री रामचन्द्रको पूजा आराधना गरी मनाइँदैछ ।

त्रेता युगमा अयोध्याका राजा दशरथ र महारानी कौशल्यादेवीको सुपुत्रका रुपमा श्री रामचन्द्रको जन्म चैत्र शुक्ल नवमीकै दिन भएको थियो । विष्णुको सातौँ अवतार मानिने उहाँको जन्म हुँदा पुनर्वसु नक्षत्र थियो । कुण्डलीमा चन्द्रमाका साथ वृहस्पति रहेको कर्कट लग्नको योग परेको थियो ।

भगवान् रामचन्द्रको कुण्डलीमा पाँचग्रह सूर्य, मङ्गल, गुरु, शुक्र र शनि एकसाथ हुने दुर्लभ योग परेको थियो । वर्षका चार नवरात्रमध्येको वासन्तीय नवरात्रका नवमीका दिन जन्मेका रामचन्द्रले राक्षसी प्रवृत्तिको अन्त्य गरी रामराज्य स्थापना गरेका थिए ।

रामनवमीको महत्वका विषयमा गार्ग्यतन्त्र कृष्ण वचनअनुसार चैत्र अष्टमीका दिन अष्ट मातृकाको पूजा गरेर नवमीका दिन रामचन्द्रको पूजा गरी जप, पाठ र ध्यान गर्नाले मनले चिताएको काम सफल हुने उल्लेख छ ।

यस अवसरमा नेपालको जनकपुरधाम र भारतको अयोध्यामा रामलीला प्रदर्शन गरिन्छ । रामनवमीका दिन देवी पूजा गरी रामचन्द्रको पूजा, पाठ एवं आराधना गरेमा 'श्री' प्राप्त हुने शास्त्रीय मान्यता छ ।

यसैगरी व्रतार्क नामक ग्रन्थको अगस्त्य संहितामा चैत्र शुक्ल नवमीमा व्रत उपवास बसी श्रद्धा भक्तिपूर्वक रामचन्द्रको पूजा गर्नाले अनेक जन्मका पाप नाश भई वैकुण्ठ वास प्राप्त हुने उल्लेख छ । असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरहरूमा पूजापाठ गरिन्छ । जनकपुरस्थित रामजानकीको मन्दिरमा मेला भर्न नेपाल तथा भारतका नरनारीको घुइँचो लाग्छ ।

त्रेतायुगमा यसै दिन भारतको अयोध्यामा भगवान् श्रीरामको जन्म भएको स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ ।

यस दिन व्रत बसी श्री रामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा वैकुण्ठ वास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ ।

अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको सातौँ अवतारका रूपमा जन्मेका श्रीरामले मिथिलाका राजा जनककी छोरी सीतासँग विवाह गरेपछि संसारबाट पापी तथा दुष्ट राक्षसहरूको नाश गरे । आफ्ना पिताको कठोर आज्ञालाई सहजतापूर्वक ग्रहण गरी श्रीरामचन्द्रले मानव जातिलाई सत्यको मार्गमा लाग्न प्रेरणा दिए । यही सम्झनामा रामनवमी पर्व मनाउन थालिएको धार्मिक ग्रन्थमा उल्लेख छ ।

# पदस्थापन नहुँदा शिक्षक अलपत्र




टुडे समाचारदाता

वीरगञ्ज । शिक्षक सेवा आयोगको परीक्षा पास भई शिक्षा विकास तथा समन्वय इकाई पर्साबाट स्थायी नियुक्तिपत्र लिइ पदस्थापनका लागि वीरगञ्ज महानगरपालिका पुगेका शिक्षकलाई महानगरपालिकाले पदस्थापना नगर्दा अलपत्र परेका छन् ।

शिक्षा विकास तथा समन्वय इकाई पर्सा र वीरगञ्ज महानगरपालिकाबिच तालमेल नमिल्दा चैत २९ गते हातमा स्थायी नियुक्तिपत्र हात परेपछि महानगरपालिकाले पदस्थापना नगरेकाले विद्यालयमा हाजिर हुन सकेका छैनन् ।

हुम्लाको खार्पुनाथ गाउँपालिका -५ खर्पुर गाउँका मिना शाहीका अनुसार चैत २३ गतेदेखि आफू वीरगञ्जमा रहेकाले विद्यालयमा हाजिर हुन नसकेको बताए । त्यसैगरी बझाङको बित्थरचिर नगरपालिका -७ सुनकुडाकी रेणुका जोशीको अवस्था पनि शाहीको जस्तै छ । उनी २५ गते वीरगञ्ज आएको बताए । 'स्थायी नियुक्तिपत्र हात परेपछि हाजिर हुन पाइएको छैन' उनले भने ।

महानगरपालिकाले अस्थायी तथा करारका शिक्षक कर्मचारी बचाउन खोज्दा समस्या आएको आरोप जाजरकोटको भेरी नगरपालिका -२ तिमिलेका खिमबहादुर खड्काले लगाए ।

चैत ३० गते पदस्थापन गराइ हाजिरी गराएको भए २०८२ बाट ग्रेड खान पाइन्थ्यो, ग्रेड लिन सँगै पास भएका साथीभन्दा पछाडि परिने भयो भनी बैतडीको उचौडी नगरपालिका -६ भूमिराजका प्रकाशसिंह साउतले गुनासो गरे ।

चैत २३ गतेदेखि नै वीरगञ्ज आएको र होटलमा बसिरहेको बताउँदै उदयपुरको निमचुङबुङ्गा गाउँपालिका -४ बलमत्ताका कोइसन राईले भने, "पदस्थापना भए विद्यालयमा हाजिर भइन्थ्यो, कोठा खोजेर बस्न पाइन्थ्यो । पदस्थापना नहुँदा हामी अलपत्र परेका छौं ।"

वीरगञ्ज महानगरपालिका शिक्षा महाशाखाका अधिकृत हरि राउतले भने, 'मेयर (नगरप्रमुख) बाहिर छन्, आएपछि केही निष्कर्ष निस्किन्छ ।' हामीकहाँ खाली सिट १३ मात्र छ । शिक्षा विकास तथा समन्वय इकाई पर्साले हचुवाको भरमा ४६ जना पठायो । कारण मागगरी पत्र लेखेका थियौं, जवाफ आएको छ । आएको जवाफका विषयमा महानगरपालिकामा छलफल भएको छैन । त्यसपछि मात्र टुङ्गो लाग्छ' उनले भने ।

शिक्षा विकास तथा समन्वय इकाई पर्साका निमित्त इकाई प्रमुख श्यामकिशोर प्रसादले महानगरपालिकाले यसअघि पठाएको अस्थायी करार तथा रिक्त सिटमा व्यवस्थापन गर्नेगरी पठाएको बताए ।

महानगरपालिकाले २०८० असोज तथा चैत महिनामा पठाएको अस्थायी करार तथा रिक्त सिट ९९ रहेको देखियो । त्यसमा ४६ जना पठाएका हौं, त्यहीअनुसार महानगरले माग गरेको जवाफ पनि दिएको उनले बताए ।

उनका अनुसार पर्साको वीरगञ्ज महानगरपालिकामा ४६ जना विन्दवासिनीमा १६ जना, जगरनाथपुर र पर्टेर्वा सुगौलीमा १५/१५ जना, ठोरी र छिपहरमाईमा १२/१२ जना, पकाहामैनपसर र जिराभवानीमा ९/९ जना, कालिकामाई र पोखरिया नगरपालिकामा ८८ जना, त्यस्तैगरी बहुदरमाई, पर्सागढी र धोबिनीमा ६/६ पठाइएको छ । केही स्थानीय तहमा पदस्थापनमा यस्तो समस्या देखिएकाले त्यो चाँडै समाधान गरिने उनले बताए ।

# जीतपुर सिमरा गोल्डकपको उपाधि पुलिसलाई

- पुलिसका गोल रक्षक अमित टमाटा फाइनल खेलको प्लेयर अफ दि म्याच घोषित भए ।
- सिमराका प्रज्वल थापा मगरले इमर्जिङ प्लेयर अफ दि टुर्नामेन्टको ट्रफि सहित १५ हजार प्राप्त गरे ।



अनिल तिवारी

सिमरा । नेपालपुलिस क्लबले जगदम्बा स्टिल १४ औं जीतपुरसिमरा गोल्डकपको उपाधि जितेको छ । सोमबार राति सिमरा रङ्गशालामा सम्पन्न प्रतिष्पर्धात्मक खेलमा मच्छिन्द्र फुटबल क्लबलाई टाइब्रेकरमा ४-३ ले हराउँदै पुलिसले पहिलो पटक जीतपुरसिमरा गोल्डकपको उपाधि जितेको छ ।

निर्धारित ९० मिनेट र अतिरिक्त समयको खेल गोल रहित बराबरीमा टुंगिएपछि भएको टाइब्रेकरमा पुलिसले जित निकालेको छ । प्रशिक्षक चेतन घिमिरेले टाइब्रेकरलाई लक्षित गरी अतिरिक्त समयको अन्तिममा मैदान पठाएका गोलरक्षक अमित टमाटा पुलिसको जितमा नायक बने । अमितले मच्छिन्द्रका दुई प्रहार रोकेपछि पुलिसले उपाधि उचाल्न सफल भयो ।

मच्छिन्द्रका लागि विशाल तामाङ्ग, सनिश श्रेष्ठ र दिवाकर चौधरीले गोल गर्दा सौरभ लिम्बु र चन्दन दासको प्रहार पुलिसका गोल रक्षकले सेभ गरेका थिए । पुलिसका लागि कप्तान रामचन्द्र वाजे, पुजन राई, सुजन मगर र आशिष राईले गोल गरे ।

यसअघि भएको प्रतिष्पर्धात्मक खेलमा दुबै टिमले निकै आकर्षक अवसरहरु सिर्जना गरे पनि गोल हुन सकेको थिएन । मच्छिन्द्र निर्धारित समयको अन्त्य तिर ९ खेलाडीमा सीमित बनेको थियो । उत्सव राई ८४ औं मिनटमा रातो कार्डको सामना गर्दै मैदानबाट बाहिरिएका थिए भने खेलको ८८ औं मिनटमा मनिष डाँगी दोहोरो पहेंलो कार्डको सामनागर्दै मैदानबाट बाहिरिए । ९ खेलाडीमा सीमित भए पनि मच्छिन्द्रले अतिरिक्त समयको खेलमा पुलिसलाई दबाबमा राखेको थियो ।

पुलिसका गोल रक्षक अमित टमाटा फाइनल खेलको प्लेयर अफ दि म्याच घोषित भए । उनले शुभारम्भ कलेज अफ म्यानेज्मेन्टले प्रायोजन गरेको १० हजार नगद सहित ट्रफि प्राप्त गरे ।

पुलिसकै सज्जित श्रेष्ठ उत्कृष्ट गोल रक्षक घोषित भए । उनले २५ हजार नगद सहित ट्रफि प्राप्त गरे । पुलिसका उज्ज्वल राई र बीरगञ्ज युनाईटेड क्लबका फागुराम चौधरी समान २ गोलका साथ प्रतियोगिताको उच्च गोलकर्ता बने । उनीहरुले २५ हजार नगद सहित ट्रफि प्राप्त गरे ।

आयोजक नव जनजागृति युवा क्लब सिमराका प्रज्वल थापा मगरले इमर्जिङ प्लेयर अफ दि टुर्नामेन्टको ट्रफि सहित १५ हजार प्राप्त गरे । प्रतियोगिताको फेयर प्लेको ट्रफि आयोजक टिमले नै प्राप्त गरे ।

मच्छिन्द्रका बिमल घर्ति मगर प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनले टिभीएस स्कुटर प्राप्त गरे ।

नव जनजागृति युवा क्लबका अध्यक्ष रामचन्द्र लामाको अध्यक्षतामा सम्पन्न समापन समारोहमा पूर्व मन्त्री एवम् संघीय सांसद कृष्णकुमार श्रेष्ठ, नायक राजेश हमाल, जीतपुर सिमरा उपमहानगरपालिकाका उप प्रमुख भोलाप्रसाद अधिकारी, बारागढी गाउँपालिकाका अध्यक्ष अशोक जयसवाल, पर्सौनी गाउँपालिकाका अध्यक्ष विनोद प्रसाद पटेल, ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठ, नेपाली सेनाका सहायक रथी राजेन्द्रमणी गिरी, नेपाल प्रहरीका मधेश प्रदेश प्रमुख डिआइजी यज्ञविनोद पोखरेल, जगदम्बा स्टिलका कृष्णदत भट्ट, नेपाभिट टायल्सका विभा झालगायतले शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरेका थिए ।

# ट्र्यांकरको ठक्करबाट बारामा एक प्रहरी जवानको मृत्यु

टुडे समाचारदाता

बारा । ट्र्याङ्करको ठक्करबाट बारामा एकजना प्रहरी जवानको मृत्यु भएको छ । जितपुर-सिमरा गोल्डकपको फाइन खेल हेर्न गएको प्रहरी जवानको तेल ट्याङ्करले ठक्कर दिँदा मृत्यु भएको छ । बारा प्रहरीका अनुसार मृत्यु हुनेमा जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत प्रहरी जवान २९ वर्षका दिनेश बहादुर परियार रहेका छन् । जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २ दूरसञ्चार नजिक ट्याङ्करको ठक्करबाट उनको मृत्यु भएको बारा प्रहरीले जनाएको छ ।

पथलैयाबाट वीरगञ्जतर्फ जाँदै गरेको ग १४ प ५९७२ नम्बरको मोटरसाइकललाई सोही दिशातर्फ जाँदै गरेको ना ७ ख ३०२६ नम्बरको तेल ट्याङ्करले पछाडिबाट ठक्कर दिएको थियो ।

ठक्करबाट गम्भीर घाइते भएका मोटरसाइकल चालक प्रहरी जवान परियारलाई उपचारका लागि परवानीपुरको एलएल न्यूरो अस्पताल पठाइएको प्रहरी नायब उपरीक्षक प्रवक्ता दधिराम न्यौपानेले जनाए ।

प्रवक्ता न्यौपानेका अनुसार गम्भीर घाइते भएका प्रहरी जवान परियारको उपचारकै क्रममा मृत्यु भएको छ । तेल ट्याङ्कर नियन्त्रणमा लिइएको र चालक भने फरार रहेको प्रहरीले जनाएको छ । अछाम चउरपाटी गाउँपालिका वडा नम्बर- १ निवासी प्रहरी जवान परियारको २ वटा बच्चा रहेको पर्सा प्रहरीले जनाएको छ ।

पर्सा प्रहरी प्रवक्ता कुमार विक्रम थापाका अनुसार राती ८ बजेसम्मको ड्यूटी सकाएर सिमराको फाइनल खेल हेर्न गएको प्रारम्भिक सोधपुछबाट खुलेको छ ।

# हात्तीपाइलेविरुद्धको औषधि खुवाइने



टुडे समाचारदाता

मलंगवा । सर्लाहीमा आठ लाखभन्दा बढीलाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइने भएको छ । मंगलबार स्वास्थ्य कार्यालय सर्लाहीमा आयोजित हात्तीपाइले रोगविरुद्धको औषधि सेवन अभियानको जिल्लास्तरीय अन्तरक्रियामा उक्त जानकारी दिइयो ।

जिल्लाभरिबाट दुई वर्ष उमेर समूहभन्दा माथिका आठ लाख २४ हजार छ सय ७१ जनालाई हात्तीपाइलेविरुद्धको औषधि सेवन गराउन लागिएको कार्यालय प्रमुख डा नवलकिशोर झाले जानकारी दिए । राष्ट्रव्यापी कार्यक्रमअन्तर्गत यही वैशाख १६ गतेबाट २९ गतेसम्म अभियान सञ्चालन गरिने भएको छ । अभियानमा पाँच सय २५ जना स्वास्थ्यकर्मी र एक हजार तीन सय २६ जना महिला स्वास्थ्य स्वयमसेविका गाउँगाउँमा परिचालन गरिने स्वास्थ्य कार्यालयले जनाएको छ । स्वास्थ्य कार्यालय सर्लाहीका अनुसार गतवर्ष पनि यस जिल्लामा सात लाख ६२ हजार छ सय ८४ जनालाई हात्तीपालेविरुद्धको औषधि खुवाइएको थियो । गर्भवती, सात दिनसम्मका सुत्केरी, गम्भीर किसिमका बिमारीलगायतले भने यो औषधि सेवन गर्न नहुने डाक्टरको भनाइ छ । हात्तीपाइले रोगबाट बच्न अन्य सबैले अनिवार्य रुपमा औषधि सेवन गर्नुपर्ने उनको भनाइ छ ।

> जिल्लाका शतप्रतिशतलाई औषधि खुवाउने लक्ष्य रहेको स्वास्थ्य कार्यालय सर्लाहीले जनाएको छ ।

औषधि सेवनका क्रममा जिल्लामा अहिलेसम्म कुनै किसिमको गम्भीर समस्या नदेखिएकाले निर्धक्क भएर अभियानमा सहभागी भई औषधि सेवन गर्न सबैमा स्वास्थ्य कार्यलय सर्लाहीले आग्रह गरेको छ । जिल्लाका शतप्रतिशतलाई औषधि खुवाउने लक्ष्य रहेको स्वास्थ्य कार्यालय सर्लाहीले जनाएको छ । यो अभियानअन्तर्गत देशभरीका सात जिल्लामा औषधि खुवाउन लागिएको छ । त्यसमध्ये मधेशमा सर्लाहीसहित चार जिल्लामा यो अभियान सञ्चालन गरिएको छ । वार्षिक करोडौं रुपैयाँ खर्च गरेर नेपालमा आयोजना हुने हात्तीपाइले रोगविरुद्धको अभियान अपेक्षाअनुसार प्रभावकारी नभएकोमा स्वास्थ्य क्षेत्रका विज्ञहरूले असन्तुष्टि व्यक्त गर्दै आएका थिए ।

नेपालले सन् २०२० भित्र हात्तीपाइले रोग उन्मूलन गर्ने लक्ष्य राखेर सन् २००३ मा उक्त अभियान सुरु गरेको छ ।

सन् २००३ मा १३ प्रतिशत नेपालीमा देखिएको हात्तीपाइले रोगको उन्मूलनको लागि निःशुल्क वितरण गरिएको औषधि खान डराएकालाई अभियानमा खटिएका स्वास्थ्य स्वयम्सेविकाहरूले घरघरमै पुगेर औषधि सेवन गर्न आग्रह गरिरहेको अधिकारीहरुले बताएका छन्। वासस्थान वरिपरि सफा राख्नुपर्ने, लामखुट्टेबाट बच्ने उपायहरू अपनाउनु पर्ने र शरीरको कुनै अङ्ग सुन्निन थाले रगत परीक्षण गराइहाल्नु पर्ने विज्ञहरुको सुझाव छ ।

# बलात्कार गरेको आरोपमा एक पक्राउ

टुडे समाचारदाता

जलेश्वर । सुस्त मनस्थिति भएकी किशोरीलाई बलात्कार गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । प्रहरीले गौशाला नरपालिका-७ जमुनियाका ५६ वर्षीय गिरीदेव चौधरीलाई बलात्कार आरोपमा मङ्गलबार पक्राउ गरेको छ ।

चौधरीले गाउँकै बोल्न नसकने सुस्त मनस्थिति भएकी १८ वर्षीया किशोरीलाई बलात्कार गरेको जाहेरीको आधारमा नियन्त्रणमा लिएको गौशालास्थित इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक मनोज यादवले जानकारी दिए ।

बाबुआमा ज्याला मजदुरी गर्न गाउँ बाहिर गएको बेला एक्लो भएको मौका पारी चौधरीले घरमै प्रवेश गरी किशोरीलाई जबरजस्ती करणी गरेको पीडित परिवारको आरोप छ । किटानी जाहेरीपछि प्रहरी निरीक्षक मनोज यादवको कमाण्डमा खटी गएको टोलीले घटनास्थलको अनुसन्धान गरी बालिकाको स्वास्थ्य परीक्षण गराउनुका साथै चौधरीलाई नियन्त्रणमा लिएको थियो । चौधरीमाथि अनुसन्धान कार्य भइरहेको र पहिलो पटक म्याद थपका लागि मङ्गलबार जिल्ला अदालत महोत्तरी लगिएको गौशाला प्रहरीले जनाएको छ ।

## लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं ।
- राज्यलाई जानताप्रति उत्तरदायी बानाउन खवरदारी गरौं ।
- काननी शासन सुचिश्चित गरौं ।
- व्यक्तिगत स्वतन्त्रता र मानवाअधिकारको सम्मान गरौं ।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं ।
- संघीय लोकतान्त्रिक गणतन्त्रातत्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं ।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८